# गेरुवा गाउँपालिका

## विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना

## Disaster Preparedness and Response Plan

गेरुवा गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

पशुपतिनगर, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

२०७९

गेरुवा गाउँपालिका
Geruwa Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
पशुपतिनगर, बर्दिया
Pashupatinagar, Bardiya
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं. (F/Y) : 2021/22
च.नं. (Ref No) :

गेरुवा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पशुपतिनगर, बर्दिया लुम्बिनी प्रदेश, नेपाल २०७३

## गाउँपालिका अध्यक्षको शुभकामना ।

लुम्बिनी प्रदेशको बर्दिया जिल्लामा अवस्थित गेरुवा गाउँपालिका प्राकृतिक विविधताले भरिपूर्ण क्षेत्र हो । पूर्वमा गेरुवा नदी, उत्तर-पश्चिममा कर्णाली नदी र दक्षिणमा राजापुर नगरपालिका सीमा रहेको गेरुवा गाउँपालिका सुन्दरता, विकासको सम्भावना, कृषिको लागि अत्यन्त उर्वर भूमी भए सँगै विपद्का दृष्टिकोणबाट गेरुवा गाउँपालिका देशकै अत्यन्त विपद् जोखिम क्षेत्रका रुपमा नंक्शाकिंत हुन पुगेको छ । नेपालको सबैभन्दा लामो तथा विशाल नदी मध्येको एक, कर्णाली नदीबाट निर्मित टापु भएको हुँदा बाढी तथा भूक्षयको जोखिम सबैभन्दा बढी र निरन्तर र प्रमुख विपद्जन्य जोखिमको रुपमा रहने गरेको छ । त्यसैगरी, बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा अवस्थित रहेको यस पालिका मानव-बन्यजन्तु द्वन्द्वको चपेटामा परिरहेको छ । एकातर्फ जनताको जमिन नदीकटानी भई क्षती हुने, अर्को तर्फ मानव-बन्यजन्तु वीच द्वन्द्वका घटनाहरु बाट धन तथा जनको क्षती हुने हुँदा यसले गेरुवाको समग्र विकामा गम्भिर असर पारिरहेको छ । साथै, आगलागी, हावाहुरी, शितलहर, खडेरी समेत यस पालिकामा आईपर्ने अन्य विपद जन्य घटनाहरु हुन । यी सबै विपद्जन्य घटनाहरुको न्यूनीकरण गरी गेरुवावासीलाई सुरक्षित राख्नुपर्ने मान्यताको अनुभूति भए सँगै गेरुवा गाउँपालिकाले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको निर्माण गर्नुपरेको छ ।

गेरुवा गाउँपालिकाको यस विपद् प्रतिकार्य तथा पूर्वतयारी योजना २०७९ बाट यस क्षेत्रमा घट्न सक्ने विपदजन्य घटनाहरु बाट हुन सक्ने क्षतीको न्यूनीकरणको लागि पूर्वतयारी अवस्थामा रही विपदको प्रतिकार्य गर्नु नै मुख्य उद्देश्य रहेको छ । यस योजनाको निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्नु हुने सामुदायिक विकास तथा अनुसन्धान केन्द्र बाँके (CSDR) लाई विशेष धन्यवाद व्यक्त गर्दछु । गेरुवा गाउँपालिकाको विपद् क्षेत्रमा यसँ संस्थाले पुर्याएको योगदानको उच्च प्रशंसा समेत गर्दछु । त्यसैगरी यस योजनाको लेखन कार्यक्रम सहजीकरण गर्नुहुने सहजकर्ता मुकेशचन्द्र गौतम लाई हार्दिक धन्यवाद दिन चाहन्छु । यस योजना निर्माणका लागि आवश्यक सहयोग गर्नुहुने गेरुवा गाउँपालिकाका जनप्रतिनिधिहरु, कर्मचारीहरु, स्थानीय विपद् व्यवस्थापन समिति र गाउँपालिका बाट यस योजना निर्माणको संयोजनकर्ता विपद् सम्पर्क व्यक्ति प्रकाश शर्मा लाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस योजना बाट आगामी दिनहरुमा यस गाउँपालिकामा आउन सक्ने सम्भावित विपदजन्य घटनाहरुलाई प्रभावकारी रुपमा सामना गर्न सक्नेमा अत्यन्त सहयोगी साबित हुनेमा विश्वास लिएको छ ।

धन्यवाद ।

अध्यक्ष
जमान सिँह के.सी.

(जमान सिंह क.सी.)
अध्यक्ष

email: geruwarmun@gmail.com | info@geruwamun.gov.np |website: www.geruwamun.gov.np
सम्पर्क नं. अध्यक्ष: ९८५८०३८१११, प्रमुख प्रशासकीय अधिकृत: ९८५८०९०४४१, सूचना अधिकारी: ९८४६३६०२५३
Contact No. Chairman: 9858038111, Chief Administrative Officer: 9858090441, Information Officer: 9846360253
समृद्ध गेरुवा गाउँपालिका निर्माणको आधार कृषि, पर्यटन र पूर्वाधार ।
Google Plus Code : F5GQ+5J Rajapur
स्थायी लेखा नं. २०१३६२०३१ | PAN: 201362031


गेरुवा गाउँपालिका
बस्तुगत विवरण
लम्कीचुहा नगरपालिका
जानकी गाउँपालिका
टिकापुर नगरपालिका
राजापुर नगरपालिका
मधुवन नगरपालिका
गेरुवा गाउँपालिका
Karnali Nadi(geruwa Nadi)
Jamara Nadi
Gumna Nadi
Arbarwa Nala
Rani Kulo
Bhadali Nala
Khauruhi Khola
N
S
E
W
संकेत
Army Camp
Buspark
Church
Health Post
Industry
Intake
Market
Police Station
Post Office
Rural Municipality center
School
Temple
Ward Center
नदी सञ्जाल
सडक सञ्जाल
गाउँपालिका/नगरपालिका सिमाना
वडा सिमाना
बाँझो जमिन
झाडी
खेतीयोग्य जमिन
घाँस
बगैचा
पोखरी
बस्ती वितरण
बालुवा
तरकारी बाली
नदी क्षेत्र
जंगल
० १ २ ४ ६
कि.मी
१:५५,०००

## विषयसूची


परिच्छेद एक ........ 1

प्रारम्भिक ........ 1

१.१ पृष्ठभूमि ........ 1

१.२ योजनाको उद्देश्य ........ 1

१.३ योजना तर्जुमा प्रक्रिया ........ 2

१.३.१ गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक ........ 2

१.३.२ आधारभूत अध्ययन ........ 3

१.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक ........ 3

१.३.४ कार्यशाला गोष्ठी ........ 4

१.३.५ योजनाको मस्यौदा तयारी ........ 4

१.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण ........ 4

१.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी ........ 5

विपद् जोखिम र व्यवस्थापनको अवस्था ........ 6

२.१ गेरुवा गाउँपालिकाको संक्षिप्त परिचय ........ 6

२.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु ........ 7

२.३ विगतका विपद्को अवस्था विश्लेषण ........ 8

२.३.१ विपद्को ऐतिहासिक समय रेखाः ........ 9

२.३.३ विपद्बाट भएको क्षतिको विवरणः ........ 12

२.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र ........ 14

२.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण ........ 14

२.६ पूर्वसूचना प्रणालीको अवस्था ........ 15

२.७ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था ........ 16

२.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी ........ 16

२.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र ........ 17

२.८.२ खाद्य तथा कृषि क्षेत्र ........ 18

२.८.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ 19

२.८.४ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र ........ 20

२.८.५ संरक्षण तथा सूरक्षा क्षेत्र ........ 20

२.८.६ आपत्कालीन शिक्षा क्षेत्र ........ 21

२.८.७ शीघ्र पुनर्लाभ क्षेत्र ........ 22
परिच्छेद तीन ........ 24
पूर्वतयारी तथा प्रतिकार्य योजना ........ 24
३.१ सामान्य पूर्वतयारी योजना ........ 24
३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 24
३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 27
३.१.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ 28
३.१.४ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 30
३.१.५ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 31
३.१.६ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 33
३.१.७ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना ........ 34
३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना ........ 35
३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 35
३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 36
३.२.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ 37
३.२.४ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 38
३.२.५ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 39
३.२.६ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 40
३.२.७ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना ........ 41
३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना ........ 42
३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना ........ 42
३.३.२ खाद्य तथा कृषि क्षेत्रको प्रतिकार्य योजना ........ 43
३.३.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र ........ 44
३.३.४ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको प्रतिकार्य योजना ........ 46
३.३.५ संरक्षण तथा सूरक्षा क्षेत्रको प्रतिकार्य योजना ........ 46
३.३.६ आपत्कालीन शिक्षा क्षेत्रको प्रतिकार्य योजना ........ 47
३.३.८ शीघ्र पुनर्लाभ क्षेत्रको प्रतिकार्य योजना ........ 47
परिच्छेद चार ........ 49
बन्दोबस्ती सामग्रीको उपलब्धता तथा आवश्यकताको लेखाजोखा ........ 49
४.१ स्रोत-साधनको वर्तमान अवस्था ........ 49

४.२ विपद् प्रतिकार्यका लागि जनशक्तिको उपलब्धता ........ 53
४.३ बन्दोबस्ती सामग्रीको आंकलन ........ 53
४.३.१ गैर–खाद्य सामग्री भण्डारण स्थल ........ 54
४.३.२ मानवीय सहायता स्थल ........ 54
४.४ थप स्रोत साधनको आवश्यकता र अनुमानित लागत ........ 54
परिच्छेद पाँच ........ 58
विविध ........ 58
५.१ स्रोत साधनको व्यवस्थापन ........ 58
५.२ अन्य निकायसँगको समन्वय र सहकार्य ........ 58
५.३ अनुगमन, मूल्याङ्कन तथा सिकाई ........ 58
५.३.१ अनुगमन, मूल्याङ्कन र योजनाको परिमार्जन ........ 58
५.४ क्षमता विकास रणनीति र योजना ........ 59
*सन्दर्भ सामग्री :* ........ 60
अनुसूची-१ : स्थानीय विपद व्यवस्थापन समितिको नामावली ........ 61
अनुसूची-२ : जिल्ला प्रदेश केन्द्र स्थित सरोकारवालाहरुको सम्पर्क विवरण ........ 61
अनुसूची-३ : तालिम प्राप्त जनशक्तिको सम्पर्क विवरण ........ 62
अनुसूची-४ : दमकल चालकहरुको सम्पर्क विवरण ........ 63
अनुसूची-५ : गाउँपालिकामा संचालित एम्बुलेन्स सेवाको सम्पर्क विवरण ........ 64
अनुसूची-६ : गाउँपालिकाका लागी उपयोगी नदी सतह मापन केन्द्र विवरण ........ 64
अनुसूची-७ : गाउँपालिका स्थित जोखिमयुक्त बस्तीहरुको विवरण ........ 64
अनुसूची ८ स्थानीय प्रहरी कार्यालय हरुको विवरण ........ 65
अनुसूचि ९ जिल्लामा रहेको नेपालि सेना हरुको विवरण ........ 65
अनुसूचि १० सशस्त्र प्रहरी वलका यूनिट हरुको विवरण ........ 65

# परिच्छेद एक

# प्रारम्भिक

## १.१ पृष्ठभूमि

नेपालको संविधानले विपद् व्यवस्थापन स्थानीय तहको एकल अधिकार सूचीको रुपमा सूचीकृत गरेको छ। संवैधानिक व्यवस्था कार्यान्यवयन गर्न सङ्घ, प्रदेश र स्थानीय तहमा नीति, ऐन, नियम तथा निर्देशिकाहरु तर्जुमा भएका छन्। साथै विपद् व्यवस्थापनका लागि केन्द्र देखि समुदाय तहसम्म विभिन्न संस्थागत संरचना गठन गरी क्रियाशील रहेका छन्। स्थानीय विपद् व्यवस्थापन समिति पनि यस्तै संरचना मध्येको एक हो। स्थानीय तहमा हुने विपद् व्यवस्थापनको सन्दर्भमा यस समितिको महत्वपूर्ण भूमिका रहेको हुन्छ। स्थानीय तहमा गरिने विपद् पूर्वतयारी तथा प्रतिकार्य सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी ढङ्गबाट सम्पन्न गर्न समितिले यस सम्बन्धी छुट्टै योजना तर्जुमा गर्नु पर्ने हुन्छ। विद्यमान कानूनी व्यवस्था अनुरुप समेत स्थानीय तहले विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक रहेको छ।

जलवायु परिवर्तन तथा अन्य विभिन्न कारणबाट संसारमा प्रकोप जोखिमको अवस्थामा वर्षेनी बृद्धि हुने गरेको छ। यस गेरुवा गाउँपालिका पनि यस्ता प्रकोप जोखिमहरुबाट अछुतो रहन सकेको छैन। यस गाउँपालिकामा विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न, विपद्को प्रतिकार्य र पुनर्लाभलाई गति दिन र यस कार्यमा सरोकारवालाहरु बीचको समन्वयलाई प्रभावकारी बनाउन विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्न आवश्यक देखिएको छ।

प्रस्तुत सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (न) र नेपाल सरकारबाट जारी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६, गेरूवा गाउँपालिका विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६ को दफा २७ अनुरूप यस गाउँपालिकाले यो विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयार गरेको छ।

## १.२ योजनाको उद्देश्य

यस गाउँपालिकामा विपद् व्यवस्थापनको पूर्वतयारी र यस सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाई सम्भावित जनधनको क्षति कम गर्नु यस योजनाको प्रमुख उद्देश्य हो। यसका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः

(क) विपद् प्रतिकार्यका लागि विषयक्षेत्रहरूको भूमिका तथा जिम्मेवारी निर्धारण गर्नु,

(ख) विपद् प्रतिकार्यका लागि मुख्य जिम्मेवार तथा सहयोगी निकायहरूको पहिचान र अद्यावधिक गर्नु,

(ग) विपद्को लेखाजोखा, जोखिम नक्साङ्कन, विगतमा घटेका विपद्का घटनाहरुको तथ्याङ्क सङ्कलन र विश्लेणका आधारमा जोखिम सूचित योजना तर्जुमा गर्नु,

(घ) विपद् प्रतिकार्यका लागि सामान्य पूर्वतयारी, पूर्वानुमानमा आधारित पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यका क्रियाकलापहरू तय गर्नु र

(ङ) विपद् प्रतिकार्यका लागि हाल उपलब्ध स्रोत, साधन र जनशक्तिको लेखाजोखा एवम् सम्भावित विपद्को सामना गर्न आवश्यक क्षमताको आंकलन, प्रक्षेपण र प्रबन्ध गर्नु।

## १.३ योजना तर्जुमा प्रक्रिया

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा मार्गदर्शन, २०७६ ले गाउँपालिकाको स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्व र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको क्षेत्रमा संलग्न निकाय तथा विषयक्षेत्रको सहभागितामा विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्नु पर्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार यस गाउँपालिकाले सहभागितामूलक प्रक्रिया अपनाई विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गरेको छ। विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा गर्दा अवलम्वन गरिएको प्रक्रियागत ढाँचा देहाय बमोजिम रहेको छः




माथि उल्लिखित ढाँचामा योजना तर्जुमाका चरणहरुको सङ्क्षेपमा तल चर्चा गरिएको छः

### १.३.१ गाउँपालिका विपद् व्यवस्थापन समितिको बैठक

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तयारीका लागि सर्वप्रथम मिति २०७८ चैत्र २२ मा गाउँपालिकाको विपद् व्यवस्थापन समितिले तयारी बैठकको आयोजना गरेको थियो। बैठकले योजना तर्जुमा गर्न ७ वटा विषयक्षेत्रहरुको निर्धारण गर्नुका साथै विगतका विपद्का घटना सम्बन्धी तथ्याङ्क, प्रकोप नक्सा, सङ्कटासन्नता तथा जोखिम आंकलन, पूर्वानुमान एवम् पूर्वसूचना प्रणाली र विपद् सम्बन्धी विद्यमान सन्दर्भ सामग्रीको समीक्षा गर्न र योजना तर्जुमा प्रक्रियामा प्राविधिक सहयोग गर्नका लागि अनुभव प्राप्त विज्ञ समेत रहेको प्राविधिक कार्यसमूह (Technical Working Group) गठन गरेको थियो। प्राविधिक कार्यसमूहको बैठकको कार्यसूची **अनुसूची-१** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समितिको बैठकले कार्य समूहलाई काम, कर्तव्य र जिम्मेवारी सहित **अनुसूची-२** बमोजिमको कार्यादेश प्रदान गरेको थियो। बैठकले स्थानीय तहमा कार्यरत सरोकारवाला र साझेदार संस्थाको पहिचान तथा सूचीको प्रस्ताव तयार गरी सूचीलाई पूर्णता प्रदान गर्ने विषयलाइ

कार्यसमूहको जिम्मेवारीमा समावेश गर्ने निर्णय समेत गरेको थियो। यसरी पहिचान गरिएका सरोकारवाला निकायहरूको विवरण **अनुसूची-३** मा समावेश गरिएको छ।

### १.३.२ आधारभूत अध्ययन

स्थानीय विपद् व्यवस्थापन समितिबाट स्थानीय विपद् व्यवस्थापन सम्बन्धी मौजुदा नीति, योजनाहरू, विपद्का घटना सम्बन्धी तथ्याङ्क र प्रकाशनहरू, प्रकोप नक्सा लगायत अन्य सान्दर्भिक सामग्रीहरुको पुनरावलोकन र समीक्षा गरी विपद् जोखिम सम्बन्धी आधारभूत अध्ययन (Baseline Study) र विश्लेषण गरिएको थियो। योजना तर्जुमाका क्रममा देहाय बमोजिमका तथ्याङ्क, दस्तावेज, प्रकाशन र अभिलेखहरुको समेत अध्ययन तथा विश्लेषण गरिएको थियोः-

- विपद् व्यवस्थापन सम्बन्धी सङ्घ, प्रदेश र स्थानीय तहका नीति, ऐन, नियम तथा निर्देशिका,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय रणनीति, २०७५ तथा प्रदेश र स्थानीय तहको रणनीतिक कार्ययोजना,
- स्थानीय विपद् तथा जलवायू उत्थानशिल योजना २०७७ ,
- विपद्सँग सम्बन्धित प्रतिवेदनहरू,
- स्थानीय विपद्को इतिहास (बाढी, आगलागी, जंगलीजनावरको आतंक, हुरीवतास, महामारी, सडक दुर्घटना आदि),
- विपद् व्यवस्थापनको विगतको अभ्यास, अनुभव तथा सिकाई,
- गाउँपालिकाको प्रकोप, सङ्कटासन्नता तथा जोखिम लेखाजोखा,
- स्थानीय मौसम तथा बाढी पूर्वानुमान र पूर्वसूचना प्रणाली,
- जनसंख्या विवरण, सडक सञ्जाल, नदी, बसोबास क्षेत्र तथा गाउँपालिकाको सीमाना देखिने नक्सा,
- गाउँपालिकाको आवधिक योजना, विषयक्षेत्रगत योजनाहरू, प्रतिवेदनहरू
- गेरूवा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६
- स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०७७

### १.३.३ विषयक्षेत्र (क्लस्टर) को बैठक

विषयक्षेत्र अन्तर्गत पर्ने सरोकारवाला निकायहरूको पहिचान, सामान्य पूर्वतयारी योजना, पूर्वानुमानमा आधारित पूर्वतयारी योजना, आपत्कालीन प्रतिकार्य योजनाका क्रियाकलापहरु, विषयक्षेत्रसँग सम्बन्धित स्रोतहरूको आंकलन, आवश्यकताको लेखाजोखा आदि विषयहरूमा छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको आयोजनामा बैठकहरू सञ्चालन गरिएको थियो। विषयक्षेत्रगत रुपमा योजनाको प्रस्ताव तयार गर्न विषयक्षेत्रगत समितिहरु गठन गरिएको थियो।

| सि.नं. | विषय क्षेत्रगत समितिहरु |
|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र |
| २ | खाद्य तथा कृषि क्षेत्र |
| ३ | स्वास्थ्य, पोषण तथा WASH क्षेत्र |
| ४ | आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र |

| | |
|---|---|
| ५ | संरक्षण तथा सूरक्षा क्षेत्र |
| ६ | आपत्कालीन शिक्षा क्षेत्र |
| ७ | शीघ्र पुनर्लाभ क्षेत्र |

### १.३.४ कार्यशाला गोष्ठी

विषयक्षेत्रहरुको निष्कर्ष तथा प्राप्त योजनाको प्रस्ताव उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो। कार्यशाला गोष्ठी आयोजना गर्नु अघि स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बसी विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल र आवश्यक परिमार्जन गरिएको थियो। कार्यशालामा विषयक्षेत्रहरुको बैठकबाट प्रस्तावित विवरण तथा योजनाउपर छलफल गरी सुझाव सङ्कलन गरिएको थियो।

बिभिन्न समाय सम्म सञ्चालित कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य सङ्घ/संस्थाहरू साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवालाहरुको सहभागिता रहेको थियो। कार्यशालाको सञ्चालन तथा सहजीकरण विज्ञ कार्यसमूहले गरेको थियो। योजना तर्जुमा प्रक्रियामा मानवीय सहायतामा संलग्न सरकारी निकाय तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरुबाट सहयोग उपलब्ध रहेको थियो।

### १.३.५ योजनाको मस्यौदा तयारी

विषयगत क्षेत्रको बैठक तथा द्वितिय स्रोतको समेत अध्ययनबाट प्राप्त सुचनाबाट तयार गरिको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदा उपर छलफल गर्न स्थानीय विपद् व्यवस्थापन समितिको नेतृत्वमा कार्यशाला गोष्ठी आयोजना गरिएको थियो।उक्त कार्यशाला गोष्ठीमा स्थानीय विपद् व्यवस्थापन समितिका सदस्यहरू, विषयक्षेत्रका सदस्य, संघसंस्थाहरूका साथै राजनैतिक दल, निजी क्षेत्रका प्रतिनिधिहरु, विज्ञ, पत्रकार, सङ्कटासन्न समुदाय लगायतका सरोकारवाला निकायका व्यक्तिहरूको उपस्थितीमा विषयक्षेत्रबाट प्राप्त निष्कर्ष तथा योजनाको प्रस्तावमा पर्याप्त छलफल गरि आवश्यक सुझाव लिईएको थियो। छलफलबाट प्राप्त सुझावहरुलाई समेत यस योजनामा समावेश गरिएको छ । मिति २०७९ असार ५ गते सम्पन्न गाउँपालिका स्तरिय सरोकारवालाहरुको बैठक पश्चात सवै वडा कार्यालय वाट प्राप्त भएको सुझावका आधारमा योजनाको पूनरावलोकन गरि यस विपद् **पूर्वतयारी तथा प्रतिकार्य योजना २०७९** लाई अन्तिम रुप दिईएको छ ।

### १.३.६ योजनामा प्रस्तावित क्रियाकलापको परीक्षण

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा प्रस्ताव गरिएका मुख्य क्रियाकलापहरु उपयुक्त भए नभएको र त्यस्तो क्रियाकलाप कार्यान्वयन गर्ने क्षमता गाउँपालिका तहमा उपलब्ध भए नभएको सुनिश्चित गर्न सरोकारवालाहरूको सहभागितामा कृत्रिम घटना अभ्यास (Simulation Exercise) मार्फत परीक्षण समेत गरिनेछ । यस्तो परीक्षणबाट प्राप्त भएका सुझाव तथा पृष्ठपोषणलाई पनि यस योजना अद्यावधिक ध्यान दिइएको छ।

### १.३.७ पृष्ठपोषण सङ्कलन र अन्तिम मस्यौदा तयारी

कार्यशाला तथा कृत्रिम घटना अभ्यास समेतबाट प्राप्त पृष्ठपोषणका आधारमा तयार भएको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाको मस्यौदामा सरोकारवाला निकाय, सङ्घ संस्था र विज्ञहरूको सुझाव लिईएको थियो। यसरी प्राप्त भएका सुझावलाई स्थानीय विपद् व्यवस्थापन समितिले पूनरावलोकन गरी विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अन्तिम रुप दिईएको छ।

# परिच्छेद दुई

# विपद् जोखिम र व्यवस्थापनको अवस्था

## २.१ गेरुवा गाउँपालिकाको संक्षिप्त परिचय

नेपालको लुम्बिनी प्रदेश अन्तर्गत पर्ने बर्दिया जिल्लाको उत्तर पश्चिममा अवस्थित छ, गेरूवा गाउँपालिका। यस गाउँपालिकाको स्थापना वि.सं. २०७३/११/२७ गते भएको हो । साविकका पाताभार, गोला, पशुपतिनगर र मनाउ गा.वि.स. हरू लाई एकीकृत गरी गेरूवा गाउँपालिकाको निर्माण गरिएको हो ।

कर्णाली नदीले निर्माण गरेको भवँरा वा राजापुर भनेर चिनिने टापुमा गेरूवा गाउँपालिका रहेको छ । यस पालिकाको पूर्वतर्फ बग्ने कर्णाली नदीको पूर्वी भंगालोको स्थानीय नाम गेरूवा नदी रहेको हुँदा यसै नदि बाट गाउँपालिकाको नामाकरण हुन गएको हो ।

भौगोलिक अवस्थितिः

लुम्बिनी प्रदेशको पश्चिम सिमानामा रहेका स्थानीय तहहरू मध्ये गेरूवा गाउँपालिका एक हो ।

पूर्व : कर्णाली(गेरूवा) नदि

पश्चिम : कर्णाली नदि, कैलाली जिल्ला, सुदुर पश्चिम प्रदेश

उत्तर : कर्णाली नदि

दक्षिण : राजापूर नगरपालिका

यस पालिकाको उत्तर, पूर्व रहेको कर्णाली नदी पारी बर्दिया राष्ट्रिय निकुञ्ज अवस्थित छ र गेरूवा गाउँपालिका बर्दिया रा.नि.को मध्यवर्ती क्षेत्र समेत हो ।गाउँपालिकाको कुल सिमा मध्ये ३६ कि.मि. कर्णाली नदि तटीय क्षेत्र सँग जोडिएको छ । गाउँपालिकाको कुल क्षेत्रफल ७८.४१ बर्ग कि.मि. रहेको छ जुन बर्दिया जिल्लाकै क्षेत्रफलका आधारमा सबै भन्दा सानो स्थानीय तह हो । विश्व मानचित्रमा यस पालिका २८° २४' १८.१७" देखि २८° ३५' ३६.०४' उत्तरी अक्षांस सम्म र ८१° ८' ५१"देखि ८१° १५' १२' पूर्वी देशान्तरसम्म फैलिएको छ भने समुन्द्र सतह बाट १४५ मिटर देखि १८० मिटर सम्मको उचाइमा फैलिएको छ ।

गेरूवा गाउँपालिकाको कुल जनसंख्या ४०, ६५४ (गाउँ पार्श्वचित्र, २०७५ बमोजिम) मध्ये महिलाको जनसंख्या १९, ७९० र पुरूषको संख्या २०, ८६४ रहेको पाइएको छ । त्यसैगरी कुल घरधुरी संख्या ७००० रहेको यस पालिकामा मुख्यतया ६४ प्रतिशत आदिवासी थारू जाती र २७ प्रतिशत ब्राहमण-क्षेत्रीको बसोबास रहेको छ । कुल जनसंख्याको करिव ९८ प्रतिशत हिन्दु धर्मावलम्बी छन् भने मुख्य चाडपर्वमा दशैं, तिहार, माघी, तिज, अटवारी, होली मनाउने गरेको पाइन्छ ।

प्रशासनिक संरचना अन्तर्गत यस पालिकालाई ६ वटा वडामा विभाजन गरिएको छ।

| समावेश भएका साविक गाविसहरू | साविक वडा नं. | कायम भएको वडा नं. | केन्द्र |
|---|---|---|---|
| पाताभार | १, ६-८ | १ | बगहीपूर |
| पाताभार | ३-५ | २ | पाताभार |
| पाताभार | २, ९ | ३ | शान्तिबजार |
| गोला | १-९ | ४ | गोला |
| पशुपतिनगर | १-९ | ५ | पथरैया |
| मनाउ | १-९ | ६ | मनाउ |

४ वटा स्वास्थ्य चौकी, २ आधारभूत स्वास्थ्य ईकाइ, १ ग्रामिण सामुदायिक स्वास्थ्य केन्द्र, १ आयुर्वेद औषधालय, १९ गाउँघर क्लिनिक, २४ वटा खोप क्लिनिकहरू संचालनमा रहेका छन् । त्यसैगरी यस पालिकामा सामुदायिक विधालय तर्फ मावि-५, आवि-२१, बाल विकास केन्द्र-५६ संचालनमा छन् भने संस्थागत तर्फ आवि-५ र मावि २ ले शैक्षिक सेवा उपलब्ध गराईरहेको अवस्था छ । यस पालिकामा ४-पशु सेवा केन्द्र  र १-पशु स्वास्थ्य ल्याव तथा २ वटा कृषि सेवा केन्द्र संचालनमा रहेका छन् । प्राकृतिक शौन्दर्यले भरिपूर्ण यस पालिकाका इन्टेक-शहीद पार्क, कर्णाली, गेरूवा नदि, होमस्टेहरू, बाजपूर टापु पर्यटकीय सम्भावना युक्त स्थानहरू हुन । गेरूवा गाउँपालिकामा प्रमुख व्यापारिक केन्द्रहरू शान्तिबजार, खोल्टीबजार, विहानीबजार, पथरैया र प्रशेनीपूर रहेका छन ।

यस गाउँपालिकामा नेपाल टेलिकमको मोवाइल तथा ल्याण्डलाइन सेवा र Ncell को मोवाइल सेवा संचालनमा छन। त्यसैगरी Nepal telecom 4G, Ncell 4G, Nepal Telcom Lease Line, Subisu, Max Net, Techminds द्वारा सबै वडामा इन्टरनेट सेवा विस्तार गरेका छन । गेरूवा गाउँपालिकाले सेवा प्रवाह गर्ने कार्यालयहरू, शैक्षिक संस्थाहरू, स्वास्थ्य संस्थाहरूमा सूचना प्रविधिमा आधारित सेवाको प्रारम्भ गरी विधुतीय शासनको अभ्यास गर्रिदै आएको छ ।

यस गाउँपालिकामा खेलकुद अन्तर्गत विभिन्न स्थानमा खेलमैदान निर्माण गरी संचालनमा ल्याईएको छ भने महिला-पुरूष सहभागी हुने अध्यक्ष कप खेलकुद प्रतियोगिता र राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता वार्षिक रूपमा आयोजना हुने गरेको छ ।

यस गाउँपालिकामा बसोबास गर्ने व्यक्तिहरूको मुख्य पेशा कृषि तथा पशुपालन रहेको छ । यस क्षेत्रको प्रमुख बालीहरूमा धान, गहुँ, मकै, दलहन, तेलहन तथा तरकारी रहेको छ । यस पालिकामा चैते धान समेत उत्पादन हुने गरेको छ ।

## २.२ गाउँपालिकामा विद्यमान प्रमुख प्रकोपहरु

गाउँपालिका भौतिक, सामाजिक र धारणागत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ । बाढी डुवान र कटान जङ्गली जनावरबाट हुने क्षति यस पालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशामा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१,२०७४ र २०७८ कार्तिका २ गते गएको बेमौषमी वर्षाका कारण आएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा प्रत्येक वर्षका विपद् घटना र

२०७४ सालको बाढीलाई मध्यनजर गर्दा प्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ बर्दिया राष्ट्रिय निकुञ्जका कारण १२ महिना जंगली जनावरको आतंक, चिसो याममा शितलहर, सुख्खा याममा आगलागी तथा खडेरी जस्ता प्रकोपका कारण यस पलिकामा वसोवास गर्ने सबै परिवार हरु प्रभावित भएको पाइन्छ विगत वर्षहरुको विपद्को तथ्याङ्क लागि अध्यन गर्दा बाढी, जंगलीजनावरको आत्कल , शितलहर आगलागी तथा कोभिड १९ महामारीका कारण यस गाउँपालिकाका ६ वटै वडा प्रभावित रहेका छन ।

**पालिकास्तरिय प्रकोप स्तरिकरण**

| प्रकोप र समस्या | बाढी | जंगली जनावर | आगलागी | सडक दुर्घटना | हावाहुरी | शितलहर | माहामारी | खडेरी |
|---|---|---|---|---|---|---|---|---|
| बाढी | | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| जंगली जनावर | | | जंगली जनावर | जंगली | जंगली | जंगली जनावर | जंगली | जंगली |
| आगलागी | | | | सडक | आगलागी | आगलागी | आगलागी | आगलागी |
| सडक दुर्घटना | | | | | दुर्घटना | दुर्घटना | दुर्घटना | दुर्घटना |
| हावाहुरी | | | | | | हावाहुरी | हावाहुरी | हावाहुरी |
| शितलहर | | | | | | | शितलहर | शितलहर |
| माहामारी | | | | | | | | माहामारी |
| खडेरी | | | | | | | | |
| जम्मा अंक | ८ | ७ | ५ | ६ | ४ | ३ | २ | १ |
| स्तर | १ | २ | ४ | ३ | ५ | ६ | ७ | ८ |

यो योजनाले समग्र गाउँपालिकालिकालाई सम्वोधन गर्ने भएकाले मुख्य मुख्य ८ वटा प्रकोप तथा समस्यालाई स्तरिकरण गरिएको छ । यस अन्तर्गत **बाढी र डुवान र कटान** प्रमुख प्रकोप तथा समस्याको रुपमा देखिएको छ भने **जंगली जनावरको आतंक** दोस्रो समस्याका रुपमा स्तरिकरण भएको छ । बढ्दो सवारी चापका कारण हुने गरेको **सवारी दुर्घटना** तेस्रो जोखिमका रुपमा लिइएको छ यसरी नै विगतको प्रभाव र भविश्यमा पार्न सक्ने असरका आधारमा र **आगलागी चौथो, महामारी पाँचौ, शितलहर छैठौ, हावाहुरी सातौ, आठौमा खडेरी** स्तरिकरण भएको छ । नेपालको भौगोलिक अवस्था, नेपालको विगतको अनुभव र भविश्यमा हुन सक्ने सम्भावनाको आंकलन र नेपाल सरकारको नीतिगत ब्यवस्था अनुसार **भूकम्पको जोखिमलाई** स्तरिकरणमा नराखिएता पनि यस जोखिमलाई पहिलो जोखिमको रुपमा लिइएको छ ।

## २.३ विगतका विपद्को अवस्था विश्लेषण

यस गेरुवा गाउँपालिका विपद्को अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी क्षति बाढी जन्य विपद् ले गरेको छ, जसको पूनरावृत्ति पनि उच्च रहेको छ। मूलतः बाढीले मानिषहरुको मृत्यू, घाइते, वेपत्ता हुने घरजग्गा डुवान गर्ने पर्ने र घर वाट विस्थापित हुने खेतियोग्य जमिन जमिन कटान/पटान गर्ने गरेको र यसबाट जिविकोपर्जन क्षेत्रमा प्रतिकुल असर भइ अस्थायी वा स्थायी रूपमा वर्षेनी यस गाउँपालिकाका सयै परिवार हरुका ५००० भन्दा जनसङ्ख्या विस्थापित हुने गरेका छन्। विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१,२०७४ र २०७८ कार्तिका २ गते गएको बेमैषमी वर्षाका कारण आएको बाढीको प्रभाव

भएको देखिन्छ । मानव-वन्यजन्तु द्वन्द्व यस पालिकाको अर्को ठुलो विपद्को समस्याको रुपमा देखिएको छ विगतका वर्षहरुमा यसको जोखिम बढदै गएको पाइएको छ ।यस वाट मानिसहरुको मृत्यु, घाइते हुने र घरहरु क्षति हुने र खेतिपातिहरु नष्ट गर्दा मानिसहरु कृषी क्षेत्रमा आश्रीत नभइ रोजगारका लागि दैनिक ज्यालादारी तथा अन्य देश हरुमा श्रम वेच्न वाध्य भएका छन त्यस बाहेक कोभिड-१९ , डैंगु, झाडापखाला जस्ता महामारी, हावाहुरी, शीतलहर, सुख्खा/खडेरी, आगलागी, चट्याङ, सडक दुर्घटना जस्ता प्रकोपबाट पनि उल्लेख्य मात्रामा क्षति भएको पाइन्छ।

## २.३.१ विपद्को ऐतिहासिक समय रेखाः

यस गाउँपालिकामा विगत तीस वर्षयता विभिन्न समयमा घटेका प्राकृतिक, गैह्रप्राकृतिक, जलवायुजन्य विपद्का घटनाहरुको ऐतिहासिक समय रेखा, सोको प्रभाव र प्रभावित क्षेत्र, पूर्वतयारी र प्रतिकार्यका लागि गरिएका प्रयासलाई तलको तालिकामा प्रस्तुत गरिएको छः

| सिनं | स्थानीय तह | वडा न | विपद्परेको स्थान | विपद्को मिति | विपद् | मृत्यु | | प्रभावित घरधुरी | अनुमानित क्षति | घाइते | घर क्षति | | घरपालुवा जनावर क्षति | अन्नवाली क्षति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पुरुष | महिला | | | | पुर्ण | आशिक | | |
| १ | गेरुवा गाउँपालिका | ५ | पशुपतिनगर | ९/२६/२०११ | बर्षा | ० | ० | २ | ८०००० | ० | २ | ० | ० | ० |
| २ | गेरुवा गाउँपालिका | ५ | पशुपतिनगर | ६/९/२०१२ | आगलागी | ० | ० | १ | ३००००० | ० | १ | ० | ० | ० |
| ३ | गेरुवा गाउँपालिका | ४ | गोला | ४/१०/२०१३ | आगलागी | ० | ० | ० | ३००००० | ० | ० | ० | ० | ० |
| ४ | गेरुवा गाउँपालिका | १ | पाताभार | ५/२७/२०१४ | आगलागी | ० | ० | ० | २५०००० | ० | ० | ० | ० | ० |
| ५ | गेरुवा गाउँपालिका | ५ | पशुपतिनगर | २/७/२०१६ | आगलागी | ० | ० | १ | ४००००० | ० | ० | ० | ० | ० |
| ६ | गेरुवा गाउँपालिका | ४ | गोला | ३/२०/२०१६ | आगलागी | ० | ० | १ | ८००००० | ० | ० | १ | ० | ० |
| ७ | गेरुवा गाउँपालिका | १ | पाताभार | ७/२८/२०१६ | अन्य | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ८ | गेरुवा गाउँपालिका | १ | पाताभार | ६/५/२०१७ | चट्याङ्ग | ० | १ | १ | | १ | ० | ० | ० | ० |
| ९ | गेरुवा गाउँपालिका | ४ | गोला | ४/२८/२०१८ | आगलागी | ० | ० | १ | ४००००० | ० | १ | ० | ० | १ |
| १० | गेरुवा गाउँपालिका | ६ | मनाउ | ४/२९/२०१८ | हावाहुरी | ० | ० | १ | ५०००० | ० | ० | १ | ० | ० |
| ११ | गेरुवा गाउँपालिका | १ | पाताभार | ५/१३/२०१८ | हावाहुरी | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| १२ | गेरुवा गाउँपालिका | ५ | पशुपतिनगर | ६/२/२०१८ | चट्याङ्ग | ० | ० | १ | २५०००० | ० | ० | ० | ९ | ० |
| १३ | गेरुवा गाउँपालिका | १ | पाताभार | ६/२२/२०१८ | आगलागी | ० | ० | २ | १००७०० | ० | १ | ० | १ | २ |
| १४ | गेरुवा गाउँपालिका | ५ | पशुपतिनगर | ९/५/२०१८ | चट्याङ्ग | ० | ० | १ | | ० | ० | ० | २ | ० |
| १५ | गेरुवा गाउँपालिका | ४ | गोला | ११/८/२०१८ | आगलागी | ० | ० | १ | ७००० | ० | ० | ० | ० | १ |
| १६ | गेरुवा गाउँपालिका | २ | | ११/९/२०१८ | आगलागी | ० | ० | १ | २००००० | ० | १ | ० | ० | ० |
| १७ | गेरुवा गाउँपालिका | ५ | | १/२५/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| १८ | गेरुवा गाउँपालिका | ५ | | १/२५/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १९ | गेरुवा गाउँपालिका | २ | | २/२८/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | १ | ० | ० |
| २० | गेरुवा गाउँपालिका | ५ | | ४/६/२०१९ | हावाहुरी | ० | ० | १ | ४५००० | ० | १ | ० | ० | ० |
| २१ | गेरुवा गाउँपालिका | ६ | गुसिपुर | ४/१५/२०१९ | आगलागी | ० | ० | १ | १५०००० | ० | ० | ० | ० | १ |
| २२ | गेरुवा गाउँपालिका | ५ | स्याउलिवजार | ५/१/२०१९ | आगलागी | ० | ० | १ | ७०००० | ० | ० | ० | ० | १ |
| २३ | गेरुवा गाउँपालिका | ४ | ढुकुनिया | ५/७/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| २४ | गेरुवा गाउँपालिका | ४ | ज्योतीपुर | ५/३०/२०१९ | आगलागी | ० | ० | १ | १५०००० | ० | १ | ० | ० | १ |
| २५ | गेरुवा गाउँपालिका | | | ६/२/२०१९ | हावाहुरी | ० | ० | ७६ | ४०७८००० | ० | ० | ७६ | ० | ७६ |
| २६ | गेरुवा गाउँपालिका | ५ | खैरघारी | ७/४/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| २७ | गेरुवा गाउँपालिका | ३ | खुटेनाहा | ७/२९/२०१९ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| २८ | गेरुवा गाउँपालिका | ४ | गोला | ८/२२/२०१९ | जंगलीजनावर आतंक | ० | १ | १ | | ० | ० | ० | ० | ० |
| २९ | गेरुवा गाउँपालिका | ४ | गिदरपुर | १०/११/२०१९ | आगलागी | ० | ० | १ | ५०००० | ० | ० | ० | ० | १ |
| ३० | गेरुवा गाउँपालिका | ३ | खुटेनाहा | १२/९/२०१९ | आगलागी | ० | ० | १ | ४००००० | ० | १ | ० | ० | ० |
| ३१ | गेरुवा गाउँपालिका | ४ | खल्लागाउँ | १/८/२०२० | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ३२ | गेरुवा गाउँपालिका | २ | पाताभार | २/१४/२०२० | आगलागी | ० | ० | १ | ७५००० | ० | ० | ० | ० | १ |
| ३३ | गेरुवा गाउँपालिका | २ | राजिपुर | २/२१/२०२० | चट्याङ्ग | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ३४ | गेरुवा गाउँपालिका | १ | मदनपुर | ३/७/२०२० | आगलागी | ० | ० | १ | १५०००० | ० | ० | १ | ० | १ |
| ३५ | गेरुवा गाउँपालिका | २ | टिकुलीगढ | ४/२७/२०२० | आगलागी | ० | ० | १ | ११५००० | ० | १ | ० | ० | ० |
| ३६ | गेरुवा गाउँपालिका | ४ | | ५/७/२०२० | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| ३७ | गेरुवा गाउँपालिका | ३ | भगतपुर | ५/२५/२०२० | आगलागी | ० | ० | १ | | ० | १ | ० | ० | ० |
| ३८ | गेरुवा गाउँपालिका | ४ | राजिपुर | ६/८/२०२० | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ३९ | गेरुवा गाउँपालिका | ३ | शान्तिबजार | ७/२९/२०२० | बाढी | ० | ० | १ | १५००००० | ० | १ | ० | ० | ० |
| ४० | गेरुवा गाउँपालिका | ४ | राजिपुर | १०/३१/२०२० | जंगलीजनावर आतंक | १ | ० | १ | | ० | ० | ० | ० | ० |
| ४१ | गेरुवा गाउँपालिका | ४ | गोबिन्दपुर | २/८/२०२१ | आगलागी | ० | ० | १ | १२०००० | ० | ० | ० | ० | २ |
| ४२ | गेरुवा गाउँपालिका | ५ | मन्दिरचोक | २/१६/२०२१ | आगलागी | ० | ० | १ | ६०००० | ० | ० | ० | ० | १ |
| ४३ | गेरुवा गाउँपालिका | १ | बनकट्टी | ३/११/२०२१ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| ४४ | गेरुवा गाउँपालिका | ४ | भगवानपुर | ३/१६/२०२१ | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ४५ | गेरुवा गाउँपालिका | ६ | बेलभरिया | ३/२५/२०२१ | आगलागी | ० | ० | ३ | | ० | २ | १ | ० | ३ |
| ४६ | गेरुवा गाउँपालिका | १ | जनकनगर | ३/२९/२०२१ | जंगलीजनावर आतंक | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| ४७ | गेरुवा गाउँपालिका | १ | भटेरा | ४/११/२०२१ | जंगलीजनावर आतंक | ० | १ | १ | | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४८ | गेरुवा गाउँपालिका | ४ | दक्षिनपुरुवा | ५/११/२०२१ | चट्याङ्ग | ० | ० | १ | | १ | ० | ० | ० | ० |
| ४९ | गेरुवा गाउँपालिका | १ | सरखोल | ५/२४/२०२१ | जंगलीजनावर आतंक | ० | २ | २ | | ० | ० | १ | ० | ० |
| ५० | गेरुवा गाउँपालिका | ४ | गद्दी टोल | ६/२३/२०२१ | जंगलीजनावर आतंक | ० | ० | २ | ४०००० | ० | ० | २ | ० | ० |
| ५१ | गेरुवा गाउँपालिका | १ | भटेरा | ७/२/२०२१ | हावाहुरी | ० | ० | १ | ६८००० | ० | ० | १ | ० | ० |
| ५२ | गेरुवा गाउँपालिका | ३ | श्रीटोल | ७/३/२०२१ | जंगलीजनावर आतंक | ० | ० | २ | ६५००० | ० | ० | २ | ० | ० |
| ५३ | गेरुवा गाउँपालिका | १ | मिलिजुलिटोल | ७/२६/२०२१ | आगलागी | ० | ० | १ | ३००००० | ० | ० | ० | ० | १ |
| ५४ | गेरुवा गाउँपालिका | ५ | मुलपानी | ९/२८/२०२१ | आगलागी | ० | ० | १ | २००००० | ० | १ | ० | ० | ० |
| ५५ | गेरुवा गाउँपालिका | ४ | राजिपुर | ११/२७/२०२१ | जंगलीजनावर आतंक | १ | ० | १ | | ० | ० | ० | ० | ० |
| ५६ | गेरुवा गाउँपालिका | ५ | पथरैया | १२/३/२०२१ | आगलागी | ० | ० | १ | ४५०००० | ० | १ | ० | ० | ० |
| ५७ | गेरुवा गाउँपालिका | १ | जनकनगर | १२/१३/२०२१ | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ५८ | गेरुवा गाउँपालिका | १ | जनकनगर | १२/१५/२०२१ | जंगलीजनावर आतंक | ० | ० | १ | | ० | ० | ० | ० | ० |
| ५९ | गेरुवा गाउँपालिका | ५ | स्याउलिवजार | १/२/२०२२ | आगलागी | ० | ० | १ | १००००० | ० | ० | १ | ० | ० |
| ६० | गेरुवा गाउँपालिका | ६ | सोनाहाफाटा | ३/२१/२०२२ | आगलागी | ० | ० | १ | १६०००० | ० | १ | ० | ० | ० |
| ६१ | गेरुवा गाउँपालिका | ३ | लोहरपुर | ४/१८/२०२२ | आगलागी | ० | ० | १ | १०००० | ० | ० | ० | ० | १ |
| ६२ | गेरुवा गाउँपालिका | २ | पाताभार | ६/१२/२०२२ | आगलागी | ० | ० | १ | ६०००० | ० | ० | ० | ० | ० |
| ६३ | गेरुवा गाउँपालिका | १ | भगिपुर | ६/२९/२०२२ | चट्याङ्ग | ० | ० | १ | २४०००० | ० | ० | ० | २ | ० |
| ६४ | गेरुवा गाउँपालिका | ३ | | १९९७ | बाढी | ० | ० | १ | १५००००० | ० | १ | ० | ० | ० |
| ६५ | गेरुवा गाउँपालिका | | | ८/१४/२०१४ | बाढी | ० | ० | १ | | ० | १ | ० | ० | ० |
| ६६ | गेरुवा गाउँपालिका | | | ६/१८/२०१३ | बाढी | ० | ० | ६४० | | ० | १ | ० | ० | ० |
| ६७ | गेरुवा गाउँपालिका | | | ८/१४/२०१४ | बाढी | ० | ० | १ | | ० | १ | ० | ० | ० |
| ६८ | गेरुवा गाउँपालिका | | | ७/२९/२०२० | बाढी | ० | ० | १ | | ० | १ | ० | ० | ० |
| ६९ | गेरुवा गाउँपालिका | | | ७/२९/२०२० | बाढी | ० | ० | १ | | ० | १ | ० | ० | ० |

स्रोतः http://drrportal.gov.np/

## क) २०७८ कार्तिक २ गतेको बाढी वाट प्रभावित विवरण

| वडा नं. | समुदायको नाम | पूर्ण क्षती | | | | आशिंक क्षती | | | | सामान्य क्षती | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | | घरधुरी | जनसंख्या | | |
| | | | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा |
| २ | राजीपुर | १८ | ५४ | ५१ | १०५ | ३६ | १०० | ८८ | १८८ | ६८ | १७४ | १९७ | ३७१ |
| २ | बनघुस्रा | १० | २६ | २६ | ५२ | १९ | ५२ | ४८ | १०० | ३२ | ९५ | ९४ | १८९ |
| २ | टिकुलीगढ | ० | ० | ० | ० | ० | ० | ० | ० | २६ | ७४ | १४८ | २२२ |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | भैरमपुर | ० | ० | ० | ० | ० | ० | ० | ० | २२ | ६२ | ६६ | १२८ |
| ३ | बनकट्टी | १५ | ४२ | ३७ | ७९ | १८ | ५३ | ४९ | १०२ | ७७ | २२० | १९९ | ४१९ |
| ३ | सनकट्टी | २६ | ६६ | ७२ | १३८ | ३ | १५ | ९ | २४ | १८ | ४९ | ५५ | १०४ |
| ३ | खुटेहना | ० | ० | ० | ० | ० | ० | ० | ० | ४५ | १२४ | १२८ | २५२ |
| ३ | लोहारपुर | १५ | २८ | २९ | ५७ | ८ | १७ | २० | ३७ | ७६ | २०९ | २२४ | ४३३ |
| **जम्मा** | | ८४ | २१६ | २१५ | ४३१ | ८४ | २३७ | २१४ | ४५१ | ३६४ | १००७ | ११११ | २११८ |

## २.३.२ विपद्को आवृत्ति र गम्भिरता

यस गाउँपालिकामा विगत तीस वर्ष यताका विपद्हरुको आवृत्ति र गम्भिरताको संक्षिप्त विवरण तलको तालिकामा प्रस्तुत गरिएको छः

| क्र.सं. | विपद् विवरण | आवृत्ति (Frequency) | गम्भिरता (Intensity) |
|---|---|---|---|
| १ | बाढी | २० पटक | उच्च |
| २ | जंलगी जनावर आतंक | २१ पटक | उच्च |
| ३ | महामारी अन्नवाली | २ पटक | मध्यम |
| ४ | हावाहुरी | ७ पटक | मध्यम |
| ५ | कोभिड-१९ | ३ पटक | उच्च |
| ६ | आगलागी | २८ पटक | मध्यम |
| ७ | चटyाङ्ग | ६ पटक | मध्यम |
| ८ | सितलहर | १० पटक | मध्यम |

स्रोतः http://drrportal.gov.np/ तथा स्थानीय विपद् तथा जलवायू उत्थानसिल योजना २०७७, संकटासन्न जोखिम विषलेषणहरु ।

## २.३.३ विपद्बाट भएको क्षतिको विवरणः

यस गाउँपालिकामा विगत १० वर्षमा विभिन्न विपद्बाट भएको क्षतिको विवरण देहाय अनुसार रहेको छः

| क्र.सं. | विपद्को किसिम | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति (रु. लाखमा) |
|---|---|---|---|---|
| १. | बाढी | घर परिवार विस्थापित, सिचाइकुलो नष्ट, अन्नवाली नष्ट | १ | ० |
| २. | जंलगी जनावर आतंक | मानवीय क्षति, जिविकोपार्जनमा क्षति, बाली नष्ठ त्रास | ११ जनाको मृत्यु | १५ |

| क्र.सं. | विपद्को किसिम | क्षतिको विवरण | मानवीय क्षति | अनुमानित आर्थिक क्षति (रु. लाखमा) |
|---|---|---|---|---|
| ३. | महामारी अन्नवाली | धानवालीको उत्पादनमा कमि | ० | तथ्याङ्क उपलव्ध नभएको |
| ४. | हावाहुरी | घरहरुको क्षतमा क्षति | २ जना घाइते | ४३ |
| ५. | कोभिड १९ | मानिषको मृत्यु , रोजगारीमा अभाव, गरिवि | १८ | ५०० |
| ६. | आगलागी | घर नष्ट तथा अन्न वाली क्षति | ० | ४० |
| ७. | चट्याङ्ग | मानिष तथा पशुचौपायाको मृत्यु आगलागी | १ जना महिलाको मृत्यू | ७ |
| ८. | खडेरी | उत्पादनमा कमि | ० | तथ्याङ्क उपलव्ध नभएको |

स्रोतः जलवायु तथा विपद् जोखिम पाश्र्वचित्र २०७७, गेरुवा गाउँपालिका तथा DRR portal बाट प्राप्त गरेको तथ्याङ्को आधारमा

गाउँपालिका भौतिक, सामाजिक र धारणागत संकटासन्नता र कमजोर क्षमताका कारण बहुप्रकोपको अवस्थामा रहेको छ । बाढी डुवान र कटान जङ्गली जनावरबाट हुने क्षति यस पालिकाको मुख्य प्रकोप तथा समस्याको रुपमा रहेको छ । चिसापानी क्षेत्रबाट कर्णाली नदी दुई दिशामा छुटिएको छ । कर्णाली नदी दुईतिरबाट भएर जाँदा बिचमा बनेको टापुमा गेरुवा गाउँपालिका रहेको छ विगतका वर्षहरुलाई हेर्दा २०४०, २०५१, २०६३, २०६५, २०७०, २०७१ र २०७४ सालमा गएको बाढीको प्रभाव तथा २०७२ वैशाख १२ गते गएको विनासकारी भुकम्प तथा प्रत्येक वर्षका विपद् घटना र २०७४ सालको वाढीलाई मध्यनजर गर्दा प्राय वर्ष डुवानमा पर्ने गरेको छ जसले ठूलो संख्यामा बालीनाली, बसोबास तथा पशुचौपायामा प्रत्यक्ष असर गर्ने गरेको छ । स्वास्थ्य र आयजिविकामा प्रतिकुल असर गर्ने गरेको पाइन्छ । यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर गाउँपालिका वडा नं. १० कोठियाघाटसम्म गेरुवा नदिमा १५–२० फिट उचाई तथा १५–५० फिट चौडा बाँधको निमार्ण गरी ठाउँ–ठाउँमा गेटको निमार्ण गरि वर्षातको समयमा जम्मा भएको पानि निसासमा सहज हुने देखिन्छ । यस गाउँपालिकाको दोस्रो तथा प्रमुख प्रकोपको रुपमा रहेको जंगली जनावरले वर्षेनी लगाइएको अन्नवाली घर तथा मानविय क्षतिगरेको पाइन्छ । बर्दिया राष्टिय निकुञ्जमासंग जोडिएको कारणले जंगली हात्तिहरुको आतंक अत्याधिक रहेको पाइन्छ । यसको व्यवस्थापनको लागि एक हातसम्म बाँधले व्यवस्थापन गर्ने भएता पनि त्यस बाँध माथी क्यानेल तार यस गाउँपालिकाको वडा नं.१ सर्खोल देखि राजापुर नगरपालिका वडा नं. १० कोठियाघाटसम्म गर्नुपर्ने देखिन्छ । जंगली जनावरले विशेष गरि वडा नं. १,२,३,४ र ६ लाई उच्च जोखिमा तथा अन्य वडाहरु मध्यम जोखिममा रहेको छ ।

बढ्दो शहरीकरण, भवन निर्माण आचारसंहिताको पालनामा, सचेतना र पूर्व तयारीका गतिविधिहरुमा कमी जस्ता कारणले भूकम्पको जोखिम दिनानुदिन थपिदो क्रममा रहेको छ । यस प्रकोपबाट सार्वजनिक तथा नीजि

भौतिक संरचनाहरु बढी जोखिममा रहेका छन् जसले मानिसको मृत्यु तथा घाईते हुने, स्वास्थ्यमा प्रत्यक्ष असर हुने, जिविकोपार्जनमा समस्या जस्ता जोखिमहरु उच्च रहेको छ । सचेतनाको अभाव, लापरवाही र एकै स्थानमा जोडिएर बनेका घरहरु, प्रज्वलनशिल निर्माण सामाग्रीको प्रयोगबाट बनेका घरहरु, परम्परागत सोच, गुइठाँलाई इन्धनका रुपमा प्रयोग गरिने परम्परा र असुरक्षित विद्युत प्रयोजन गर्ने अभ्यासका कारण आगलागी पालिकाको अर्को प्रकोपको रुपमा रहेको छ । बढ्दो जनसंख्या, नियमित सरसफाईको अभाव, शौचालय प्रयोगमा कमी, अब्यवस्थित ठोस तथा तरह फोहर ब्यवस्थापन संयन्त्र, ढल निकासको समस्या, पानी निकासको समस्याबाट सिर्जित डुवानको समस्या, मौसममा आएको फरकपना, खानपीन ब्यवहारमा आएको परिवर्तन, खुला खाद्य पदार्थको वेचविखन तथा प्रयोग, सचेतनामा आभाव र सेवा पहुँचमा अभाव जस्ता कारणले विभिन्न समुदायहरु स्वास्थ्य समस्याबाट गुज्रेको पाइन्छ जसले झाडापखाला, डेगँ, आखाँ तथा छालाजन्य रोगहरु जस्ता समस्याहरुलाई थप समस्याको रुपमा सिर्जना गरेको छ । बढ्दो सवारी चाप, अब्यवस्थित सवारी पार्किङ, ट्राफिक नियमबारेको सचेतनामा कमी तथा लापरवाही, साघुँरा सडक र सडक पुननिर्माण तथा सुधारमा कमजोरीका कारण सडक दुर्घटना पालिकाकाको अर्को समस्याको रुपमा रहेको छ । मौसमा आएको परिवर्तनका कारण विगत ५(६ वर्ष यताबाट बढ्न गएको चिसोपना र जाडो समयमा भएका वृद्धिका कारण, मौसमी सुचना पहुँचमा अभाव र पूर्वतयारीको कमीले शितलहर यस पालिकाको अर्को प्रमुख समस्याको रुपमा देखा परेको छ । यस्तै मौसमि हावाहुरी अन्नबालीमा पार्ने प्रभावका कारण यी समस्याहरुले पालिकाको जिविकोपार्जनमा प्रत्यक्ष प्रभाव गर्ने गरेको देखिन्छ ।

## २.४ सम्भाव्य प्रकोप तथा सम्भावित प्रभाव क्षेत्र

यस गाउँपालिकाका ६ वटा मध्य वडा न १ अन्तर्गत सरखोल, भठेरा, वनखेत, बगहीपुर र वडा न २ का टिकुलिगढ, राजिपुर, वनघुश्रा, वडा न ३ का सनक्टी, बनक्टी, लोहारपुर, वडा न ४ का ढुकुनिया, गद्दिटोल, खल्लागाउँ, खोल्टिबजार, वडा न ५ का बिन्द्रा, वनजरिया, स्याउलीवजार तथा वडा न ६ सोनाहाफाँटा, गुसिपुर, सैजना-वाजपुर बिशेष गरि बाढी तथा ढुवानका जोखिम वाट जोखिममा रहेका छन्। विश्वव्यापी महाव्याधी कोभिड-१९ को असर सबै वडामा रहेको भएता पनि उच्च प्रभाव यसै गेरुवा गाउँपालिकाको सबै वडामा यसको जोखिम बढी देखिन्छ। हावाहुरी, शीतलहर, असिनापानी, खडेरीबाट प्रायः सबै वडाहरूमा असर पर्न सक्छ। जङ्गली जनावर आतंक यस गउँपालिकाका वडा ६, ४, ३, २ र १ मुख्य जोखिम मा रहेका छन र सवै वडाहरुमा छाडा पशुचौपायाबाट जनधनमा खाद्यवालीहरुको क्षति हुने सम्भावना देखिन्छ। वनमा हुने आगलागीबाट सवै वडाहरूमा असर पर्ने देखिन्छ। भूकम्पबाट हुन सक्ने क्षतिबाट भने सबै वडाहरू र जनसंख्या प्रभावित हुने अवस्था छ।

## २.५ प्रकोपहरुको सम्भाव्य जोखिम विश्लेषण

यस गाउँपालिकामा रहेका घरहरूको बनावट हेर्दा ८ रेक्टर स्केल म्याग्नेट्युडको भूकम्प गएमा कम्तिमा ५० प्रतिशत घरहरू बस्न नमिल्ने गरी भत्कन सक्ने सम्भावना आंकलन गरिएको छ। यस क्षेत्रमा बाढी तथा डुवानले विगत वर्षहरूमा धेरै क्षति गरेको छ। विगत २०७४ साल भन्दा वर्षको जत्तिकै ठूलो वर्षा भएमा २५ सय घरपरिवारहरूका करिव (१३७५० जना) प्रत्यक्ष प्रभावित हुनसक्ने देखिन्छ।

यस क्षेत्रमा जलवायु परिवर्तनको प्रक्षेपण अनुसार भविष्यमा वर्षा हुने दिनहरू घटिरहेकाले भविष्यमा बाढी वर्षा डुवानको जोखिम बढ्ने सम्भावना देखिन्छ। अब्यवस्थित बसोवास तथा कमजोर भौतिक संरचना निर्माणको क्रम बढ्दै गएकोले यसबाट जोखिम पनि बढ्न सक्ने देखिएको छ। तसर्थ, कम्तिमा पनि २८ सय ७४ घरधुरी (करिव १५ हजार ८ सय ७ जनसंख्या) लाई आपतकालीन व्यवस्था गर्न सक्ने गरी बाढीपहिरोको विपद् पूर्वतयारी गर्न आवश्यक देखिन्छ।

विगतको हावाहुरीको प्रवृत्ति हेर्दा यसबाट करिव ५०० घरधुरी (करिब २७५० जनसंख्या) प्रभावित हुन सक्ने सम्भावना रहेको छ। त्यसैगरी शीतलहरले करिब १५८१ जेष्ठ नगरिक मानिसहरू, हिउँदे खेतिबाली र पशुचौपायाहरू प्रभावित हुन सक्ने देखिन्छ। हावाहुरी तथा शीतलहरको कारण आवश्यक कपडा र खानेकुराको अभाव भई बाह्य सहयोग चाहिने जनसङ्ख्या करिव २२ सय अनुमान गरिएको छ।

सुख्खा/खडेरीले वर्षेनी अन्नबाली उत्पादनमा कमि आएको देखिन्छ। हिउँद याममा पानीको मूल र तालतलैया सुक्दै गएको र बढ्दो तापक्रमको कारणले भविष्यमा यस क्षेत्रमा सुख्खा/खडेरीको अवस्था झन् जटिल हुन सक्नेछ। अनुमानित ७ सय परिवारका करिव ३८५० सय जनसङ्ख्याका लागि खडेरीका कारण हुने विपद् पूर्वतयारी गर्नु पर्ने हुन सक्दछ।

वन जङ्गल विनाशका कारण पर्याप्त खानेकुराको अभावमा जङ्गली जनावर वस्तीमा आउने क्रम बढेको र यसबाट अन्नबाली नोक्सानीका घटना बढिरहेको गुनासाहरू आउने गरेका छन्। भविष्यमा बाढी, सुख्खा/खडेरी, आगलागी, मिचाहा प्रजातीको वनस्पतीको प्रकोप आदिका कारण वनमा जनावरको लागि आवश्यक चरिचरन तथा वासस्थानको थप विनाश भई खेतिबाली र वस्तीमा जङ्गली जनावरहरू आउने क्रम अझ बढ्न सक्ने देखिन्छ। यसबाट मानव तथा वन्यजन्तुबीच द्वन्द्व बढ्दै जानसक्ने सम्भावना देखिएको छ। हरेक वर्ष खडेरी लगातार बढ्दै गएमा कतिपय वन्यजन्तुको सङ्ख्या घट्ने वा मासिन सक्ने सम्भावना समेत रहेको छ। संरक्षणका प्रयासहरूले मानव-वन्यजन्तु द्वन्द्व समाधान गर्न सकिने हुँदा यस तर्फ विशेष ध्यान दिन जरुरी देखिएको छ। मानव-वन्यजन्तु द्वन्द्वबाट वार्षिक ५ देखि ७ को मृत्यू हुने २५ भन्दा वढी घाईते, हुनाका साथै करिव रु २ करोड बराबरको  बराबरको सम्पत्तिको क्षति हुन सक्ने सम्भावना देखिन्छ।

विकास तथा जीविकोपार्जनको लागि गरिने क्रियाकलापहरु जोखिम न्यूनीकरण गर्ने, उत्थानशील क्षमता अभिवृद्धि गर्ने र जलवायु परिवर्तनको असरको सामना गर्न अनुकूल हुनेगरी सञ्चालन गर्ने व्यवस्था नमिलाएसम्म अन्य प्रकोपहरूबाट पनि यस गाउँपालिकामा जोखिम बढ्ने सम्भावना देखिन्छ।

## २.६ पूर्वसूचना प्रणालीको अवस्था

यस गाउँपालिकामा बाढी प्रकोपको पूर्वसूचना प्रणाली स्थापना गरिएको छ । बाढी पूर्वसूचानका लागि कर्णाली नदिमा गेज स्टेशनको स्थापना गरि जल तथा मौसम विज्ञान विभाग वाट गेज रिडरको व्यवस्था गरेको छ र यस गेरुवा गाउँपालिकाका वाढी वाट संकटासन्न समुदायहरु १५ वट समुदायहरुमा पूर्व सूचना कार्यदल गठन गरि समुदायमा आधारित वाढी पुर्व सूचनाकोपनि विकास भएको छ । यसै वर्ष देखि स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रले जिल्ला, प्रदेश तथा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सम्पर्क स्थापित गरी सूचना आदान प्रदान गर्ने गरिएको छ। र विपद् व्यवस्थापनमा कार्य गर्नका लागि एक जना विपद् सम्पर्क व्यक्ति तोकिएको छ । तल्लो तटीय क्षेत्रमा बस्ने समुदायले माथिल्लो तटीय क्षेत्रमा बस्ने समुदायबाट नदी सतह

गेज रिडरलाई सिधै सम्पर्क गरी सूचना प्राप्त गर्ने गरिएको छ ।यस पलिकाले पूर्व सूचना प्रणालीको विकास गर्नका लागि वजेट विनियोजन गरि अवस्यक कर्य अधिवाढाएको छ ।

## २.७ नीतिगत,कानूनी तथा संस्थागत व्यवस्था

यस गेरुवा गाउँपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफ ३ को २ वमोजिम स्थानीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। समितिमा हाल रहेका पदाधिकारीहरूको विवरण **अनुसूची-८** मा संलग्न छ। स्थानीय विपद् व्यवस्थापन समिति अन्तर्गत ७ वटा विषयक्षेत्र हेर्न अगुवा संस्था तोकी सम्बन्धित विषयक्षेत्रको योजना तर्जुमा र समन्वयको जिम्मेवारी प्रदान गरिएको छ। विषयक्षेत्रका अगुवा संस्था र तिनमा कार्यरत पदाधिकारीहरूको विवरण **अनुसूची-९** मा संलग्न गरिएको छ।

यस गाउँपालिकामा वातावरण तथा विपद् व्यवस्थापन शाखा/इकाई स्थापना गरिएको छ। सवै वडामा वडास्तरीय विपद् व्यवस्थापन समिति गठन गरिएको छ। यस गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरिएको छ। सो कोषमा आर्थिक वर्ष २०७९/८० को लागि गाउँपालिका र अन्य श्रोतबाट गरी रकम रु. ५० लाख जम्मा भएको छ। कोष सञ्चालन तथा परिचालनको लागि स्थानीय विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि तर्जुमा गरिनेछ छ। यस वाहेक गाउँपालिकामा विपद् व्यवस्थापन सम्बन्धी नीति, ऐन, नियम, मार्गदर्शन तथा आवश्यक मार्गदर्शनहरू बनेका छन्।

## २.८ विषयक्षेत्र तथा कार्य जिम्मेवारी

यस गेरुवा गाउँपालिका स्थानीय विपद् व्यवस्थापन समितिको मिति २०७८ चैत्र २२ गतेको वैठक वाट विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा र कार्यान्वयनका लागि देहाय बमोजिमका ७ वटा विषयक्षेत्र निर्धारण गरी देहाय बमोजिमका कार्य जिम्मेवारी प्रदान गरेको छ र गाउँपालिकामा रहेका सम्बन्धित विषयगत शाखाहरुको अगुवाइमा विषयगत क्षेत्र परिचालनमा जोड दिने प्रयास गरिएको छ ।

विषयगत क्षेत्रका प्रमुख उदेश्य देहाय अनुसार रहेका छन ।

- १ क्षेत्रगत रुपमा मानविय सहयोग लाइ प्रभावकारी बनाउने ।
- २ आपत्कालिन पुर्वतयारीलाइ चुस्त र कार्यान्वयन योग्य बनाउने ।
- ३ विषयगत क्षेत्रका समस्याको लेखाजोखा र समाधानका उपायको लागि विशेषज्ञ परिचालन गर्नु
- ४ समन्वय र साझेदारी अभिवृद्धि गर्नु
- ५ क्षेत्रगत ज्ञान सिप र प्राविधिको प्रभावकारी कार्यान्वयन गर्न

| सि.नं. | विषयक्षेत्र | नेतृत्व गर्ने निकाय | |
|---|---|---|---|
| १ | समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र | स्थानीय विपद व्यवस्थापन समिति | |
| २ | खाद्य तथा कृषि क्षेत्र | कृषि उपशाखा | |
| ३ | स्वास्थ्य पोषण WASH क्षेत्र | स्वास्थ्य तथा सामाजिक विकास शाखा | |

| | | | |
|---|---|---|---|
| ४ | आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र | प्रशासन शाखा, नेरेसो उपशाखा | |
| ५ | संरक्षण तथा सूरक्षा क्षेत्र | महिला, बालबालिका, जेष्ठनागरिक तथा समाजकल्याण उप शाखा | |
| ६ | आपत्कालीन शिक्षा क्षेत्र | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ७ | शीघ्र पुनर्लाभ क्षेत्र | पूर्वाधार विकास शाखा | |

### २.८.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा सम्पूर्ण सरोकारवालाहरूसँग समन्वय कायम गर्ने, विपद्को अवस्था आउनसक्ने पूर्वसूचना प्राप्त भएपछि स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण गर्ने, प्रकोपको कारण समस्यामा परिरहेका वा घाईतेलाई उद्धार गर्ने, हराएकाहरूको खोजी गर्ने, मानिसको मृत्यु भएमा सनाखत गरी शव व्यवस्थापन (वा हस्तान्तरण) को प्रवन्ध मिलाउने, पीडितहरूलाई राहत वितरण गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | जमान सिंह के.सी. | अध्यक्ष | संयोजक | ९८४८१५२०१५<br>९८५८०३८१११ |
| २. | गाउँ कार्यपालिका | विष्णु प्रसाद गुरुङ | प्र.प्र.अ. | सदस्य | ९८५८०९०४४१ |
| ३. | इलाका प्रहरी कार्यालय पाताभार | नवराज सुनार | स्थानीय प्रमुख | सदस्य | ९८५८०९०१११ |
| ४. | शशस्त्र प्रहरी बल | आशिष रावत | स्थानीय प्रमुख | सदस्य | ९८५१२७२४८० |
| ५. | वडा प्रतिनिधि वडा नं. ३ | निर्मल थारु | वडा अध्यक्ष | सदस्य | ९८४८०३१८७३ |
| ६. | नेपाल रेडक्रकस सोसाइटी | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ७. | स्वास्थ्य तथा सामाजिक विकास शाखा | नारायण प्रसाद भण्डारी | प्रमुख | सदस्य | ९८४८४४९१३४ |
| ८ | पत्रकार प्रतिनिधि | सन्तोष पौडेल | प्रतिनिधि | सदस्य | ९८५८०६५८१८ |

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| ९ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

## २.८.२ खाद्य तथा कृषि क्षेत्र

यो विषयक्षेत्रले विपद्को अवस्थामा पीडितहरूलाई तत्काल खानेकुरा, विस्थापित भई शिविरमा बसेकालाई चामल, दाल, नुन, तेल आदि खाद्य सामग्री उपलब्ध गराउने, खानेकुरा पकाउनको लागि आवश्यक प्रवन्ध मिलाउने र कृषि क्षेत्रमा भएको क्षति विवरण तयार गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | एलिशा खड्का | कृषि उपशाखा | संयोजक | ९८६८१०५२८६ |
| २. | नेपाल रेडक्रकस सोसाइटी | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ३. | इलाका प्रहरी कार्यालय पाताभार | नवराज सुनार | प्रमुख | सदस्य | ९८५८०९०१११ |
| ४. | वडा प्रतिनिधि वडा नं. २ | कृष्ण थारु | वडाध्यक्ष | सदस्य | ९८५८०२७१८४ |
| ५. | सामुदायिक वन उपभोक्ता महासंघ | मिन बहादुर साँवद | अध्यक्ष | सदस्य | ९८४८४४०२५५ |
| ६. | उद्योग बाणिज्य संघ | तेजराज बजगाँई | अध्यक्ष | सदस्य | ९८६८०४८१९० |
| ७. | विद्यालय प्रतिनिधि, कुनै विद्यालय वाट १ जना | प्रकाश शाही | प्र.अ | सदस्य | ९८६४९४८००१ |
| ८ | सिएसडिआर–स्थानीय संस्था प्रतिनिधि | बसन्ती चौधरी | फिल्ड सहायक | सदस्य | ९८४८०१६०१६ |
| ९ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १० | सोनाहा विकास समाज | रत्न केसी | परियोजना अधिकृत | सदस्य | ९८५७८२४४०३ |
| ११ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

### २.८.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

यस विषयक्षेत्रले विपद्मा घाईते भएकाहरूको प्राथमिक उपचार गर्ने, महामारी हुनबाट बचाउने विधिहरू अवलम्बन गर्ने, शिविरमा उपचार गर्न नसकिने प्रकृतिका स्वास्थ्य समस्या भएका विरामी वा घाईतेलाई अस्पतालसम्म पुऱ्याई स्वास्थ्य उपचारको सुनिश्चितता गर्ने, महिला तथा बालबालिकामा पोषणको कमी भएमा त्यसबाट हुनसक्ने समयस्याबारे पीडित र सरोकारवालालाई सचेत गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ। साथै यस विषयक्षेत्रले कोभिड-१९ लगायतका महाव्याधीको संक्रमण, रोकथाम र व्यवस्थापनको कार्य समेत गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका स्वास्थ्य शाखा | नारायण प्रसाद भण्डारी | शाखा प्रमुख | संयोजक | ९८४८४४९१३४ |
| २. | खानेपानी सरसफाइ एकाइ | राम बहादुर कार्की | प्रमुख प्रतिनिधि | सदस्य | ९८५८०८००४१ |
| ३. | नेपाल रेडक्रस सोसाइटी | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ४. | वडा प्रतिनिधि नं ६ वडा | कृष्ण गोपाल चौधरी | वडाध्यक्ष | सदस्य | ९८५८०२७११५ |
| ५. | स्वास्थ्य चौकी, पाताभार | भुपेन्द्र बहादुर शाही | इन्चार्ज | सदस्य | ९८१२५३२४५० |
| ६. | स्वास्थ्य चौकी, गोला | बसन्ती शाही | इन्चार्ज | सदस्य | |
| ७. | स्वास्थ्य चौकी, पशुपतिनगर | सोम प्रसाद चौधरी | इन्चार्ज | सदस्य | ९८०२५५४७९३ |
| ८ | स्वास्थ्य चौकी, मनाउ | राजेन्द्र साह | इन्चार्ज | सदस्य | ९८५८०२०२९५ |
| ९ | पोषणमा कार्यरत गैसस प्रतिनिधि | सावित्रा शाही | संयोजक | सदस्य | ९८४८२७४३१६ |
| १० | सिएसडिआर–स्थानीय संस्था प्रतिनिधि | बसन्ती चौधरी | फिल्ड सहायक | सदस्य | ९८४८०१६०१६ |
| ११ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १२ | सोनाहा विकास समाज | रत्न केसी | परियोजना अधिकृत | सदस्य | ९८५७८२४४०३ |
| १३ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

### २.८.४ आपत्कालीन आश्रय तथा गैर–खाद्य सामग्री क्षेत्र

यो विषयक्षेत्रले विपद्को कारण घरमा क्षति पुगी बस्न नसक्ने अवस्थामा रहेका पीडितहरूलाई आपत्कालीन आश्रय वा बासको लागि अस्थायी संरचना निर्माण गर्ने, पीडितहरूलाई त्रिपाल, भाँडाकुँडा, लत्ताकपडा जस्ता गैर–खाद्य सामग्री वितरण गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँ कार्यपालिका | कुन नारायण चौधरी | प्रशासन शाखा प्रमुख | संयोजक | ९८५८०३८११० |
| २. | नेपाल रेडक्रकस सोसाइटी | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ३. | इलाका प्रहरी कार्यालय पाताभार | नवराज सुनार | प्रमुख | सदस्य | ९८५८०९०१११ |
| ४. | वडा प्रतिनिधि वडा नं. ४ | महेन्द्र प्रसाद चौधरी | वडाध्यक्ष | सदस्य | ९८५८०२५१८१ |
| ५. | सामुदायिक वन उपभोक्ता महासंघ | मिन बहादुर साँवद | अध्यक्ष | सदस्य | ९८४८४४०२५५ |
| ६. | उद्योग बाणिज्य संघ | तेजराज बजगाँई | अध्यक्ष | सदस्य | ९८६८०४८१९० |
| ७. | विद्यालय प्रतिनिधि, कुनै विद्यालय वाट १ जना | प्रकाश शाही | प्र.अ | सदस्य | ९८६४९४८००१ |
| ८ | सिएसडिआर–स्थानीय संस्था प्रतिनिधि | बसन्ती चौधरी | फिल्ड सहायक | सदस्य | ९८४८०१६०१६ |
| ९ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १० | सोनाहा विकास समाज | रत्न केसी | परियोजना अधिकृत | सदस्य | ९८५७८२४४०३ |
| ११ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

### २.८.५ संरक्षण तथा सूरक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को समयमा महिला, गर्भवती महिला, सुत्केरी, अपाङ्गता भएका व्यक्तिहरू, शिशु, बालबालिका, बृद्धबृद्धाहरूलाई संरक्षण गर्ने, उनीहरूको आवश्यकता बमोजिमका सरसामानहरू जस्तैः सेनेटरी

प्याड, खेलकुदका सामान आदि उपलब्ध गराउने, घरपरिवारका सदस्य गुमाएकाहरू तथा विपद्का कारण त्रसित व्यक्तिहरूलाई मनोसामाजिक परामर्श सेवा दिने र हिंसामुक्त वातावरण सिर्जना गर्ने जस्ता जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका महिला तथा बालबालिका उपशाखा | रमा पुन मगर | उप शाखा प्रमुख | संयोजक | ९८५८०८८८१८ |
| २. | इलाका प्रहरी चौकी | नवराज सुनार | प्रमुख | सदस्य | ९८५८०९०१११ |
| ३. | नेपाल रेडक्रकस सोसाइटी उपशाखा | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ४. | अपाङ्ग प्रतिनिधि | | उपशाखा सभापति | सदस्य | |
| ५. | जेष्ठ नागरिक प्रतिनिधि | | | सदस्य | |
| ६. | वडा प्रतिनिधि वडा नं. १ | कर्म प्रसाद चौधरी | वडा अध्यक्ष | सदस्य | ९८४८२७१५९२ |
| ७. | विद्यालय प्रतिनिधि | भिम बहादुर खड्का | प्रअ | सदस्य | ९८५८०२६५५१ |
| ८ | वि.ब्य.स. प्रतिनिधि | दिनेश कुमार चौधरी | पशुपति मावि | सदस्य | ९८५८०२७५८६ |
| ९ | सामाजिक सुरक्षा | बशुन्धरा थारु | अपरेटर | सदस्य | ९८६६६४७७६६ |
| १० | सामाजिक सुरक्षा | जोधीराम चौधरी | सहायक | सदस्य | ९८४८११३९७० |
| ११ | बाँके युनेस्को क्लव | संजिता रिजाल | पालिक प्रमुख | सदस्य | ९८४८०८७४५० |
| १२ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १३ | सक्रिय युवा क्लव | निश्चल न्यौपाने | | सदस्य | ९८६४३६९९५४ |

## २.८.६ आपत्कालीन शिक्षा क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण विद्यालय तीन दिनभन्दा बढी बन्द भएमा विद्यार्थीहरूलाई आपत्कालीन शिक्षाको व्यवस्था गर्ने, प्रकोपले विद्यार्थीको पठनपाठनका शैक्षिक सामग्री हराए वा क्षति पुऱ्याएमा सोको व्यवस्था गर्ने र विद्यालयको शिक्षण सामग्रीहरू नष्ट भएमा पुनः व्यवस्था गर्ने जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका शिक्षा शाखा | नवराज अधिकारी | शाखा प्रमुख | संयोजक | ९८४६३६०२५३ |
| २. | वडा प्रतिनिधि वडा नं. ५ | धर्म प्रकाश थारु | वडाध्यक्ष | सदस्य | ९८५८०३८१२२ |
| ३. | वडा प्रतिनिधि वडा नं. ३ | निर्मल थारु | वडाध्यक्ष | सदस्य | ९८४८०३१८७३ |
| ४. | विद्यालय प्रतिनिधि | भिम धामी | प्र.अ. | सदस्य | ९८४८०६७४५५ |
| ५. | वि.ब्य.स. प्रतिनिधि | कैलाश दहित | अध्यक्ष | सदस्य | ९८०२५५६१३२ |
| ६. | शिक्षक अभिभावक संघ | सुनिता चौधरी | विद्यालय | सदस्य | ९८६८२१६८१९ |
| ७. | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ८ | शिक्षक माहासंघ प्रतिनिधि | नारायण पौडेल | प्रअ, | सदस्य | ९८५८०२९११२ |
| ९ | स्थानीय सञ्चारकर्‍मी | सन्तोष पौडेल | पत्रकार | सदस्य | ९८५८०६५८१८ |
| १० | शिक्षा क्षेत्रमा कार्यरत गैसस प्रतिनिधि | रत्न केसी | क्यलबजबद ष्पबक कबmबव | सदस्य | ९८५७८२४४०३ |
| ११ | सिएसडिआर–स्थानीय संस्था प्रतिनिधि | बसन्ती चौधरी | फिल्ड सहायक | सदस्य | ९८४८०१६०१६ |
| १२ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १३ | सोनाहा विकास समाज | रत्न केसी | परियोजना अधिकृत | सदस्य | ९८५७८२४४०३ |
| १४ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

### २.८.७ शीघ्र पुनर्लाभ क्षेत्र

यस विषयक्षेत्रले विपद्को कारण अवरूद्ध हुन पुगेका अत्यावश्यक सेवाहरू (जस्तैः सडक, विद्युत, खानेपानी, टेलिफोन) तत्काल सुचारू गर्ने र त्यस्ता सेवा प्रदान गर्ने निकायका कार्यालयहरूमा क्षति पुगेमा वैकल्पिक व्यवस्था गर्ने, सामाजिक आर्थिक पूर्वाधार र अवस्थालाई चलायमान बनाई जनजीवनलाई सामान्य बनाउने जिम्मेवारी निर्वाह गर्नेछ।

| क्र.सं. | निकाय तथा संस्था | नाम | पद | जिम्मेवारी | सम्पर्क |
|---|---|---|---|---|---|
| १. | गाउँपालिका पुर्वाधार विकास शाखा | टंकर रोकाया | शाखा प्रमुख | संयोजक | ९८६८२५२४२४ |
| २. | वडा प्रतिनिधि वडा नं ४ | महेन्द्र प्रसाद चौधरी | वडाध्यक्ष | सदस्य | ९८५८०२४१८१ |
| ३. | वडा प्रतिनिधि वडा नं २ | इश्वर विक | कार्यपालिका सदस्य | सदस्य | ९८४५५६६७२९ |
| ४. | नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि | नरेन्द्र प्रसाद पाण्डे | उपशाखा सभापति | सदस्य | ९८४८४९०८२५ |
| ५. | नेपाली कांग्रेस | प्रेम रावल | सभापति | सदस्य | ९८५८०२५९६३ |
| ६. | नेकपा माओवादी | दसीराम चौधरी | अध्यक्ष | सदस्य | ९८४८०७३१८२ |
| ७. | नेकपा एमाले | नुतन चौधरी | अध्यक्ष | सदस्य | ९८४८३७०३२८ |
| ८ | अन्य राजनैतीक दल प्रतिनिधि– नेकपा एस | हर्क बहादुर शाही | सचिव | सदस्य | ९८६८२९३०९० |
| ९ | उद्योग बाणिज्य संघ | तेजराज बजगाँई | अध्यक्ष | सदस्य | ९८६८०४८१९० |
| १० | स्थानीय उद्योगी व्यवसायी | तिलक धामी | व्यवसायी | सदस्य | ९८५८०२२३४७ |
| ११ | सिएसडिआर–स्थानीय संस्था प्रतिनिधि | बसन्ती चौधरी | फिल्ड सहायक | सदस्य | ९८४८०१६०१६ |
| १२ | कमैया महिला जागरण समाज | रामलाल थारू | परियोजना अधिकृत | सदस्य | ९८४८०७३२७३ |
| १३ | सोनाहा विकास समाज | रत्न केसी | परियोजना अधिकृत | सदस्य | ९८५७८२४४०३ |
| १४ | स्थानीय आपतकालिन कार्य संचालन केन्द्र | प्रकाश शर्मा | विपद सम्पर्क व्यक्ति | सदस्य | ९८५८०२१८२४ |

माथि उल्लिखित विषयक्षेत्र अन्तर्गत क्रियाशील रहेका सरोकारवाला निकाय तथा संस्थाहरूको विवरण **अनुसूची-१०** मा संलग्न गरिएको छ।

# परिच्छेद तीन

# पूर्वतयारी तथा प्रतिकार्य योजना

## ३.१ सामान्य पूर्वतयारी योजना

विपद्को स्थितिमा प्रतिकार्य गतिविधिहरू समयमै कार्यान्वयन गर्न संस्थागत क्षमता लेखाजोखा गरी सोको तयारी आवधिक रुपमा अद्यावधिक गर्न जरुरी हुन्छ। सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुमा विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने जोखिम न्यूनीकरण, पूर्वतयारी र विपद् प्रतिकार्य गर्न संस्थागत तथा भौतिक संरचना, मेशिन र औजार, सीप विकास, जनचेतना, कृत्रिम घटना अभ्यास जस्ता क्रियाकलापहरु समावेश गरिएका छन्। यस विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्नु पनि विपद् पूर्वतयारी कार्य नै हो। विपद् प्रतिकार्यका कार्यहरूलाई प्रभावकारी बनाउन विषयक्षेत्रगत रुपमा सामान्य पूर्वतयारीको कार्ययोजना देहाय बमोजिम हुने गरी तर्जुमा गरिएको छः

### ३.१.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | स्थानीय आपत्कालिन कार्य संचालन केन्द्रको स्थापान | असार मसान्त भित्र | गाउँपालिका परिसर | १ | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सहयोगी सस्था |
| २ | स्थानीय आपत्कालिन कार्य संचालन केन्द्रका लागि कर्मचारी व्यवस्थापन | असार मसान्त भित्र | गाउँपालिका परिसर | सहायक स्तरको १ जना कर्मचारी | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सहयोगी सस्था |
| ३ | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गर्ने | प्रत्येक वर्ष असार मसान्त सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |
| ४ | मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण गर्ने | प्रत्येक वर्ष असार मसान्त सम्म | गाउँपालिका | प्रत्येक आर्थिक वर्षमा | स्थानीय विपद् व्यवस्थापन समिति |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ५ | विपद्का कारण वाट भएको क्षतिको लेखाजोखा समुह सवै वडा हरुमा गठन गर्ने ३ सदस्य टोली (स्थानीय तह प्रतिनिधि, रेडक्रस, नेपाल प्रहरी) निर्माण गर्ने र तालिम आयोजना गर्ने । | प्रत्येक वर्ष जेष्ठ महिनाको पहिलो हप्ता | गाउँ पालिका र हरेक वडामा | हरेक वडामा एक एक वटा र उक्त तथ्याङ्क व्यवस्थापन गर्नका लागि गाउँपालिका मा एक टोली | स्थानीय विपद् व्यवस्थापन समिति, वडा स्तरीय विपद् व्यवस्थापन समिति, स्थानीय रेडक्रस अन्य सहयोगी निकाय |
| ६ | क्षति लेखाजोखा गर्न विस्तृत घरधुरी सर्वेक्षण फाराम तयार गर्ने तथा सवै वडामा वितरण गर्ने | जेष्ठ महिना भित्र | गाउँपालिका | ५ हजार प्रति | स्वास्थ्य तथा सामाजिक विकास शाखा |
| ७ | विपद्को समयमा प्रयोग हुने अन्य फारम लगायतका कागजात तयारी तथा अद्यावधिक गर्ने | प्रत्येक वर्ष मनशुन पुर्व सम्म | गाउँपालिका | १ हजार प्रति | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ |
| ८ | जलजन्य खोज तथा उद्धारका लागि टोली गठन गर्ने | प्रत्येक वर्ष कार्तिक सम्म | वडा तहमा | हरेक वडामा एक ६ जनाको समुह | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ, वडा कार्यालय, विषयक्षेत्र, अन्य सहयोगी सस्था |
| ९ | खोज तथा उद्धारका लागि गठित टोलीको निमित्त तालिम आयोजना गर्ने र परिचालन हुने प्रक्रिया निर्धारण गर्ने | प्रत्येक वर्ष पौष सम्म | वडा तहमा | हरेक वडामा एक | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ, सूरक्षा निकाय, विषयक्षेत्र |
| १० | खोज तथा उद्धार सामग्रीहरू खरिद, भण्डारण, मर्मत र व्यवस्थापन गर्ने | निरन्तर | निरन्तर | हरेक वडामा कम्तिमा एक सेट | गाउँपालिका, स्थानीय विपद् व्यवस्थापन |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | | समिति, अन्य सहयोगी सस्था |
| ११ | खोज तथा उद्धारका लागि प्रयोग गर्न सकिने सवारी साधनहरू र एम्बुलेन्सहरूको सूची र सम्पर्क व्यक्तिको विवरण तयार गर्ने | निरन्तर | गाउँपालिका | ३ वटा एम्वुलेन्स | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ, स्वास्थ तथा सामाजिक विकास शाखा, LEOC |
| १२ | बाढी, तथा अन्य विपद् वाट बच्न र बचाउन सुरक्षित स्थानको पहिचान गरी अध्यावधिक सूची तयार गर्ने | निरन्तर | वडा अनुसार | आवश्यकता अनुसार हरेक वडामा | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ , LEOC |
| १३ | आपत्कालीन अवस्थामा प्रयोग गर्ने स्थलहरूको सूची स्थानीय राजपत्रमा प्रकाशित गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ, वडा कार्यालय |
| १४ | आपत्कालीन अवस्थामा आश्रय स्थलका रुपमा प्रयोग गर्ने स्थानको लागि चाहिने भौतिक पूर्वाधार र सेवाहरू निर्माण, बिस्तार गर्ने | तत्काल सुरु गरी निरन्तर | तोकिएको मापदण्ड अनुसार | प्रत्येक वडामा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र, वडा स्तरिय विपद् व्यवस्थाप समिति |
| १५ | विपदबाट समुदायलाई सुरक्षित राख्न आपत्कालीन आश्रय भवनहरू निर्माण गर्ने | आवश्यक्ता अनुसार | हरेक वडामा जोखिममा रहेको समुदाय नजिक | ४ वटा | पूर्वाधार विकास शाखा र सम्बन्धित वडा तथा सहयोगी सस्थाहरु |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १६ | बाढी, जंगली जनावर आतंक शीतलहर, हावाहुरी, भूकम्प, चट्याङ, आगलागी आदि प्रकोपहरूबाट समुदायमा पर्नसक्ने असर र सोबाट बच्ने उपायहरूका बारेमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने | निरन्त | गाउँपालिका मा सञ्चालित एफ.एम, पत्रपत्रिका, माईकिङ् आदि, | प्रकोपको सम्भावित समय अगावै कम्तिमा २ पटक | , वडा कार्यालय, समुदाय स्तरिय विपद् व्यवस्थाप समिति, विपद् कार्य दल रेडक्रस |
| १७ | मानिसको ज्यान लिनसक्ने जङ्गली जनावरहरू (जस्तैः जङ्गली हात्ती, बाध गैंडा आदि) बस्तीमा प्रवेश गरेमा सम्बन्धित समुदायलाई शिघ्र सूचना दिने प्रणालीको विकास गर्ने | निरन्तर | वडा न १,२, ३, ४,५,६, | वडामा एक सूचना प्रणाली | वातावरण तथा विपद् व्यवस्थापन ईकाइ, वडा कार्यालय,<br><br>समुदाय, विषयक्षेत्र, बर्दिया राष्ट्रिय निकुञ्ज,अन्य सहयोगी निकाय |
| १८ | खोज तथा उद्धारलाई प्रभावकारी बनाउन तथा उपल्वध स्रोत साधको अवस्था जचँ गर्का लागि प्रकोपमा आधारित कृत्रिम घटना अभ्यास गर्ने/गराउने | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका तथा वडामा | प्रमुख प्रकोपको लागि वर्षमा कम्तिमा एक एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, CSDR, रेडक्रस अन्य सहयोगी निकाय |
| १९ | विपद्को पुर्व सूचना तथा सूचना वरघर लाइ तालिम | प्रत्येक वर्ष मनशुन पुर्व सम्म | सवै वडका वरघर हरु लाइ | ३ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, Unicef , रेडक्रस अन्य सहयोगी निकाय |

## ३.१.२ खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | तयारी खानेकुराका लागि तत्काल खरिद गर्न सकिने गरी पसलहरू पहिचान गर्ने वा अनुवन्ध करार गर्ने | मनशुन पुर्व | गाउँपालिका | कम्तिमा ३ वटा ठूला पसल वा उद्योग | कृषि उपशाखा, वडा कार्यालय |
| २ | विपद्बाट प्रभावित हुनसक्ने जनसङ्ख्याको आधारमा खाद्य सामग्री (चामल, दाल, तेल, नुन आदि) भण्डारण गर्ने | प्रकोपको सम्भावित समय जेष्ठ महिना अगावै | गाउँपालिका | वर्षको २ पटक | कृषि उपशाखा, विषयक्षेत्र |
| ३ | विपद्को अवस्थामा खाद्यान्न खरिद तथा आपूर्तिका लागि सम्भाव्य उद्योगहरू पहिचान गर्ने साथै सहयोग लिन सकिने कार्यालय, संस्थाहरूसँग समन्वय गर्ने | निरन्तर | गाउँपालिका | आवश्यकता अनुसार वर्षको १ वा २ पटक | कृषि उपशाखा, विषयक्षेत्र |
| ४ | विपद्को समयमा खाद्य सामग्री वितरण गर्ने तौरतरिका/प्रक्रिया बारे विषयक्षेत्रका सदस्यहरू बीच छलफल कार्यशाला तथा कृत्रिम घटना अभ्यास गर्ने | प्रकोपको सम्भावित समय अगावै | वडास्तर | मुख्य प्रकोपको सम्भावित समय भन्दा पहिले कम्तिमा १ पटक | कृषि उपशाखा, विषयक्षेत्र |

### ३.१.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन क्षेत्र विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | विपद् पश्चात तत्काल देखा पर्ने स्वास्थ्य समस्या समाधानका लागि चाहिने औषधीहरू भण्डारण गर्ने | हरेक महिना, औषधिको गुण अनुसार | गाउँपालिका सवै स्वास्थ कार्यालय हरुमा | ५००० जनाको लागि | स्वास्थ्य तथा सामाजिक विकास शाखा, विषयक्षेत्र |
| २ | द्रुत प्रतिकार्य टोली (Rapid Response Team-RRT) गठन गर्ने, क्षमता विकास र कार्यसूची तयार गर्ने | स्वास्थ्य क्षेत्रको प्रोटोकल अनुसार | | वर्षमा १ पटक | स्वास्थ्य तथा सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ३ | प्रतिकार्यका लागि आवश्यक दक्ष मानव संशाधनको सूची तयार/अद्यावधिक गर्ने | वडा संख्या र जनसंख्या अनुसार | | गाउँ/नगरस्तरः३० जना वडास्तरः ७ जना | स्वास्थ्य तथा सामाजिक विकास शाखा |
| ४ | स्वास्थ्य सम्बन्धी शिक्षण सामग्रीको व्यवस्था तथा स्वास्थ्य शिक्षाको लागि स्वास्थ्यकर्मीको व्यवस्था गर्ने | नियमित | वडास्तर | हरेक वडामा १ पटक | स्वास्थ्य तथा सामाजिक विकास शाखा,<br>वडा कार्यालय, विषयक्षेत्र |
| ५ | कोभिड-१९ महाव्याधी लगायत महामारी रोकथाम, नियन्त्रण र परीक्षण तथा खोप अभियानका सम्बन्धी जनचेतना अभिबृद्धि कार्यक्रम सञ्चालन गर्ने | नियमित | जोखिम युक्त वस्तिहरुमा | वर्षमा कम्तिमा ३ पटक | स्वास्थ्य तथा सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ६ | विपद्को समयमा खानेपानी शुद्धिकरणको लागि आवश्यक पर्ने क्लोरीन, पियुष जस्ता औषधिको उचित भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | गाउँपालिका | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई इकाइ, विषयक्षेत्र |
| ७ | सरसफाईका लागि आवश्यक पर्ने सामग्री तथा उपकरणहरू उपयुक्त ठाउँमा भण्डारण गर्ने। | प्रकोपको सम्भावित समय अगावै | | वर्षमा कम्तिमा १ पटक | खानेपानी तथा सरसफाई इकाइ, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ८ | खानेपानी ओसार्ने, जम्मा गर्ने र वितरण गर्ने साधनहरू मर्मत सम्भार गरी चालु अवस्थामा राखे। | प्रकोपको सम्भावित समय अगावै | | वर्षमा कम्तिमा १ पटक | , विषयक्षेत्र |
| ९ | आपत्कालीन अवस्थामा प्रयोग गर्न सकिने खानेपानीको श्रोतहरू पहिचान र संरक्षण गर्ने | निरन्तर | वडा तथा समुदाय स्तरमा | हरेक प्रभावित वडाहरु | खानेपानी तथा सरसफाई इकाइ, पूर्वाधार विकास शाखा, वडा कार्यलय तथा स्थानीय समुदाय |

## ३.१.४ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै प्रायः सबै प्रकोपका लागि गर्नु पर्ने आपत्कालिन आश्रयस्थल र गैरखाद्य सामग्री विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | पालिकामा रहेका ८ वटा आपत्कालिन अस्थायी आश्रय स्थल घर हरु लाइ थप सवलिकरण गरि सुविधायुक्त बनाउने । | निरन्तर | सबै वडामा | उच्च जोखिममा रहेका ३ हजार जनसंख्या लाइ पुग्ने । | पूर्वाधार विकास शाखा र वडा कार्यालय अन्या सहयोगी निकाय |
| २ | गाउँपालिका स्तरिय, गोदाम घरहरुको व्यवस्थापन | आवश्यकता अनुसार | गाउँपालिका स्तरिय | ३ हजार परिवारका लागि गैर खाद्य व्यवस्थापनका लागि | गाउँपालिका, पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाईटी सहयोगी निकाय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| २ | विपद्का समयमा सुरक्षित प्रयोग गर्नका लागि खुला क्षेत्रको व्यवस्थापन र संरक्षण गरी नकसाङ्क गर्ने । | निरन्तर | सबै वडामा | वडाको कुल जनसंख्याको कम्तिमा २५ प्रतिशत जनसंख्यालाई पुग्ने | पूर्वाधार विकास शाखा र वडा कार्यालय अन्या सहयोगी निकाय रेडक्रस |
| ३ | विपद् प्रभावितहरूको लागि अस्थायी आश्रय वा बासको व्यवस्था गर्न आवश्यक सरसामान तथा औजारहरूको बन्दोबस्ती गर्ने। | प्रकोपको सम्भावित समय अगावै | सबै वडामा | वडाको कुल जनसंख्याको कम्तिमा २५ प्रतिशत जनसंख्यालाई पुग्ने | शहरी विकास तथा भवन निर्माण कार्यालयको सहयोगमा पूर्वाधार विकास शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ४ | सम्भावित आपत्कालीन अवस्था आईपरेमा तुरून्त खरिद गर्न सकिने गरी अनुबन्ध करार गर्ने। | आवश्यकता अनुसार | थोक विक्रेता/ खुद्रा विक्रेता/ सहकारी/ ठूला कृषक | ६ हजार परिवारका लागि | गाउँपालिका, कृषि शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ५ | गैर-खाद्य सामग्री सेटहरू भण्डारण गर्ने। | निरन्तर | गाउँस्तर, गोदाम घरहरु (Warehouse) | कम्तिमा ३००० परिवारका लागि | गाउँपालिका, वडा कार्यायल नेपाल रेडक्रस सोसाईटी, विषयक्षेत्र |
| ६ | विपद् प्रभावित स्थान वा खुल्ला क्षेत्रमा शिविर सञ्चालन गर्ने स्थानमा सवारी साधनको प्रवन्ध गर्ने। | आवश्यकता अनुसार | गाउँपालिका | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| ७ | आपत्कालिन समयमा अस्थाइ अवास निर्माण गर्नका लागि टोली गठन गर्ने तथा उक्त टोली लाइ तालिम प्रदान गर्ने | आवश्यकता अनुसार | गाउँपालिका | आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र , रेडक्रस |

### ३.१.५ संरक्षण तथा सूरक्षा क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नुपर्ने संरक्षण तथा सूरक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | समाजिक सुरक्षा लाभ ग्राही हरुका लागि विपद् पूर्वानुमानका आधारमा सामाजिक सुरक्षा भत्ता वितरणका लागि योजना निर्माण गर्ने । | तत्काल | पालिका स्तरिय | १ पटक | महिला तथा बालबालिका उपशाखा, सामाजिक विकास शाखा, विपद् व्यवस्थापन समिति , विषयक्षेत्र |
| २ | उमेर, शारीरिक र अपाङ्गताको अवस्था अनुसार गरिनुपर्ने सेवा सहयोगका लागि प्रोटोकल तयार गरी लागू गर्ने। | तत्काल | गाउँस्तर | १ पटक | महिला तथा बालबालिका उपशाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |
| ३ | विपद्को समयमा अत्यावश्यक सेवाका लागि चाहिने सामग्रीहरू (जस्तैः डिग्निटि, जेष्ठ नागरिक का लागि उपयोगी किट) खरिद गरी भण्डारण गर्ने। | निरन्तर | पालिकास्तरिय गोदाम घरहरू | करिव ६ हजार जनसंख्या लाइ | महिला तथा बालबालिका उपशाखा, विषयक्षेत्र |
| ४ | महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकको संरक्षणका तरिकाहरू बारे जानकारी पुस्तिका तयार एवम् प्रकाशन गर्ने। | निरन्तर | गाउँपालिका स्तर | कम्तिमा१० ०० प्रति | गाउँपालिका, महिला तथा बालबालिका उपशाखा |
| ५ | विद्यालयका शिक्षक र महिला स्वास्थ्य स्वयंसेविकालाई आधारभूत मनोसामाजिक परामर्श सम्बन्धी तालीम दिने। | प्रत्येक वर्ष १ पटक | सवै वडाहरुमा | हरेक विद्यालयबाट १ जना र हरेक | शिक्षा र स्वास्थ्य शाखा, नेपाल रेडक्रस सोसाइटी, विषयक्षेत्र |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरु | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | वडाबाट २ जना महिला स्वास्थ्य स्वयंसेविका | |
| ६ | विपद्को समयमा परिचालन हुने विषयक्षेत्रका सदस्यहरूलाई कृत्रिम घटना अभ्यास गर्ने/गराउने | निरन्तर | वडास्तरमा | मुख्य प्रकोपको सम्भावित समय अगाडी कम्तिमा १ पटक | स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला |

## ३.१.६ आपत्कालीन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने आपतकालिन शिक्षा विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्वन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी, जंगली जनावरको आतंक , हावाहुरी, शीतलहरले प्रभावित गर्नसक्ने विद्यालयहरूको सूची अद्यावधिक गर्ने र संभावित क्षतिको आंकलन गर्ने। | वर्षको १ पटक | वडास्तर मा | सबै वडाका विद्यालय | शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| २ | शीतलहरबाट विद्यार्थीमा हुनसक्ने प्रभावहरूको बारेमा विद्यालयमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | निरन्तर | विद्यालय स्तरमा | सवै विद्यालय हरुमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |
| ३ | आपत्कालीन शिक्षाका लागि आवश्यक पर्ने शिक्षण सामग्रीहरू तयारी अवस्थामा राख्ने। | निरन्तर | गाउँपालिकास्तर | ५० सेट विद्यालयको लागि | शिक्षा शाखा, सम्बन्धित विद्यालय |

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| ४ | सम्भावित विपद्बाट सुरक्षित हुने उपाय बारे विद्यालयहरूमा चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्ने र एफ.एम. रेडियोबाट सन्देशमूलक कार्यक्रम प्रशारण गर्ने। | निरन्तर | गाउँस्तर, विद्यालय स्तर | ३३ वटा विद्यालय र एफ.एम.बाट कम्तिमा १५ दिन (प्रकोपमा केन्द्रित भई) | वातावरण तथा विपद् व्यवस्थापन इकाइ, शिक्षा शाखा, सम्बन्धित विद्यालय |
| ५ | विद्यालयको पाठ्य पुस्तकमा स्थानीय स्तरमा रहेका प्रकोपहरुको जनाकारी का लागि पाठ्यक्रम विकास गर्ने | निरन्तर | विद्यालय स्तरमा | सवै विद्यालय हरुमा | शिक्षा शाखा, सम्बन्धित विद्यालय, विषयक्षेत्र |

### ३.१.७ शीघ्र पुनर्लाभ क्षेत्रको सामान्य पूर्वतयारी योजना

विपद् घटना अगावै सबै प्रकोपका लागि गर्नु पर्ने शीघ्र पुनर्लाभ विषयक्षेत्रको सामान्य पूर्वतयारी सम्बन्धी कार्यहरुको योजना देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | सामान्य पूर्वतयारीका कार्यहरू | समय | स्थान, | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | सुरक्षित स्थानमा आपत्कालीन प्रयोजनको लागि खानेपानी ट्याङ्की, शौचालय र हातेपम्प व्यवस्था गर्ने। | निरन्तर | वडास्तर मा | सबै वडाहरूमा | पूर्वाधार विकास शाखा, वडा कार्यालय, विषयक्षेत्र |
| २ | विपद्बाट अत्यावश्यक सेवाहरू (जस्तैः सडक, खानेपानी, विजुली आदि) अवरूद्ध भएमा उक्त सेवा सुचारू गर्न तत्काल प्राविधिक टोली परिचालन गर्ने। | निरन्तर | गाउँपालिका स्तर, वडास्तर मा | गाउँपालिकास्तरमा एक र वडास्तरमा एक | पूर्वाधार विकास शाखा, वातावरण तथा विपद् व्यवस्थापन इकाइ र विषयक्षेत्र |
| ३ | सम्भावित विपद्बाट आर्थिक सामाजिक क्षेत्रमा पर्ने क्षतिको शिघ्र मूल्याङ्कनको लागि टोली गठन गरी प्रशिक्षण दिने। | प्रत्येक वर्ष एक पटक | गाउँपालिका स्तर | एक पटक | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाईटी |
| ४ | सम्भावित विपद्बाट कृषि, पशु, रोजगारी, सेवा, उद्योग, पर्यटन, व्यवपार लगायतका क्षेत्रमा पर्न सक्ने असरहरु न्यूनीकरण गर्ने क्रियाकलाप तय गरी कार्यन्वयन गर्ने। | विपद् पश्चात तत्काल | गाउँपालिका स्तर | प्रभावित समूदायमा | स्थानीय विपद् व्यवस्थापन समिति, वातावरण तथा विपद् व्यवस्थापन इकाइ, उद्योग वाणिज्य संघ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |

## ३.२ पूर्वानूमानमा आधारित पूर्वतयारी योजना

पूर्वानूमानमा आधारित पूर्वतयारी योजनामा सही पूर्वानुमान र उपलब्ध समयको आधारमा पूर्वतयारीका कार्यहरू निर्धारण गर्नु पर्दछ। यसमा सामान्य सतर्क रहने देखि जोखिमयुक्त ठाउँमा रहेका समुदाय र स्थानान्तरण गर्न मिल्ने धन सम्पत्ति अस्थायी रुपमा सुरक्षित ठाउँमा सार्ने सम्मका क्रियाकलाप हुन सक्छन्। यस्तो योजना प्रकोपको प्रकृति, समय र संभावित प्रभावक्षेत्रको भरपर्दो आधिकारिक पूर्वसूचनाको आधारमा तय गरिनु पर्दछ। प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गरिने क्रियाकलापहरूको योजना देहाय बमोजिम तर्जुमा गरिएको छः

### ३.२.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको गर्नुपर्ने पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | बाढी वर्षा र आँधी/हावाहुरीको पूर्वानुमान सम्बन्धी जानकारी जल तथा मौसम विज्ञान विभाग (सिधै वा वेभपेज मार्फत), प्रदेश र जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रबाट आदानदप्रदान गर्ने। | माघ देखि असोज सम्म | गाउँपालिकास्तर | निरन्तर | स्थानीय आपत्कालित कार्यसञ्चालन केन्द्र/ विपद् व्यवस्थापन इकाइ |
| २ | बाढी/ , हावाहुरी र खराब मौसमको सूचना प्राप्त हुनासाथगाउँ/गाउँवासी/समुदाय लाई सतर्कता अपनाउन वरघर तथा चैकीदार द्वारा सूचना सम्प्रेषण गर्ने। | पूर्वानुमान प्राप्त भए लगत्तै | गाउँपालिका केन्द्रबाट समुदायसम्म पहुँच हुनेगरी | पूर्वानुमानको खवर पश्चात दिनमा कम्तिमा ३ पटक | स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र, विपद् व्यवस्थापन इकाइ, वडा कार्यालय, वरघर , चौकीदार, रेडक्रस उपशाखा, CDMC |
| ३ | विपद् बाट हुनसक्ने सम्भावना देखिएमा सबै विषयक्षेत्रहरूलाई तयारी अवस्थामा रहन आग्रह गर्ने। | पूर्वानुमान प्राप्त भए लगत्तै | गाउँपालिका स्तर | सूचना प्राप्त भएपछि कम्तिमा एक पटक र | स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | | | आवश्यकता अनुसार थप | विपद् व्यवस्थापन शाखा |
| ४ | पूर्वानुमान अनुसार वडास्तरीय समितिलाई जानकारी गराई विपद् सम्मुख समुदायलाई सुरक्षित स्थानमा सार्ने व्यवस्था मिलाउने। | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँपालिका | जोखिममा रहेका सबै समुदाय | स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र, विपद् व्यवस्थापन शाखा, वडा कार्यालय, वरघर, चौकीदार, रेडक्रस उपशाखा, CDMC |
| ५ | खोज तथा उद्धार टोलीका लागि सुरक्षा निकाय परिचालनका लागि जिल्ला विपद् व्यवस्थापन सिमित संग समन्वय सहकार्य गर्ने | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँपालिका | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र |
| ६ | खोज तथा उद्धार टोली र क्षतिको विवरण सङ्कलन टोलीलाई IRA समुहलाइ तयारी अवस्थामा राख्ने। | पूर्वानुमान प्राप्त भए पश्चात लगत्तै | गाउँपालिका | वडास्तरमा | स्थानीय विपद् व्यवस्थापन समिति, स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्र, वडा कार्यालय, CDMC |

### ३.२.२ खाद्य तथा कृषि क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोप आउने समय सीमा नजिक हुन थालेपछि वा प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने खाद्य तथा कृषि क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | खाद्य तथा कृषि विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार थप | कृषि उपशाखा, विषयक्षेत्र |
| २ | भण्डारण गरिएको खाद्य सामग्रीहरूको अवस्था निरिक्षण गरी अद्यावधिक गर्ने। | पूर्वानुमानको जानकारी पश्चात | | सूचना प्राप्त भएपछि एक पटक | कृषि उपशाखा |
| ३ | विपद् प्रभावित क्षेत्रमा खाद्य सामग्रीहरू ढुवानीका लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि उपशाखा, विषयक्षेत्र |
| ४ | कृषी तथा अन्नबालीमा विपद् बाट हुन सक्ने क्षतिको लेखाजोखा गर्ने टोली लाइ तयारी अवस्थामा राख्ने | | | सूचना प्राप्त भएपछि आवश्यकता अनुसार | कृषि उपशाखा, विषयक्षेत्र |

### ३.२.३ स्वास्थ्य पोषण तथा खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन क्षेत्र

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने स्वास्थ्य तथा पोषण क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य पोषण तथा खानेपानी, सरसफइ तथा स्वच्छता प्रवर्द्धन विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात तत्काल | गाउँपालिका स्तर | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार थप | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| २ | खानेपानी शुद्धिकरणका लागि क्लोरिन, पियुष जस्ता औषधि तथा प्रविधिको निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्रमा आवश्यक पर्ने औषधी तथा | पूर्वानुमानको जानकारी पश्चात | गाउँ नगरस्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र |

| क्र. सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | उपकरण निरिक्षण गरी तयारी अवस्थामा राख्ने। | | | | |
| ४ | सरसफाईका लागि परिचालन हुनु पर्ने जनशक्ति, सवारी साधन र उपकरणहरू तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ५ | प्राथमिक उपचार र स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र सवारी साधन तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिका स्तर | सम्भावित प्रकोपको प्रकृति अनुसार | स्वास्थ्य शाखा र विषयक्षेत्र रेडक्रस , प्राथमिक उपचार कार्यदल |
| ६ | कोभिड-१९ लगायतका महामारीबाट सुरक्षित रहन र सतर्कता अपनाउने उपाय बारे स्थानीय टेलिभिजन, एफ.एम. रेडियो र सामाजिक सञ्जाल लगायतका माध्यमबाट प्रसारण र जानकारी प्रवाह गर्ने। | पूर्वानूमानको जानकारी प्रश्चात | वडा र समुदाय स्तरमा | प्रकोपको आधारमा निरन्तर गर्ने | गाउँपालिका स्वास्थ्य शाखा, सूचना तथा प्रविधि शाखा र विषयक्षेत्र |

### ३.२.४ आपत्कालीन आश्रय र गैर–खाद्य सामग्री क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपतकालिन आश्रय र गैर खाद्य सामागी क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपतकालिन आश्रय र गैर-खाद्य सामग्री | पूर्वानुमानको | गाउँपालिकास्तरमा | सूचना प्राप्त भएपछि १ पटक र | विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | विषयक्षेत्रको समन्वयात्मक बैठक बस्ने | जानकारी पश्चात | | आवश्यकता अनुसार | |
| २ | आपत्कालीन आश्रय स्थलको निरिक्षण गरी तयारी अवस्थामा राखे। | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति र विषयक्षेत्र, समुदाय स्तरिय समिति हरु |
| ३ | आपत्कालीन आश्रय स्थलको हरुमा खानेपानी शौचालयको व्यवस्थापन गर्ने | तत्कालै | वडास्तर | सम्भावित प्रकोप अनुसार | गाउँपालिका, नेपाल रेडक्रस सोसाइटी, वडास्तरीय समिति र विषयक्षेत्र, समुदाय स्तरिय समिति हरु |
| ४ | अस्थायी आश्रय वा आवास निर्माणका लागि आवश्यक जनशक्ति, सामग्री तथा औजारहरू निरिक्षण गरी तयारी अवस्थामा राखे। | पूर्वानुमान को जानकारी पश्चात | गाउँस्तरमा | सम्भावित प्रकोपको समय अनुसार | स्थानीय विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटी, र विषयक्षेत्र |
| ५ | सामग्री तथा औजारहरू ढुवानीको लागि आवश्यक सवारी साधन तयारी अवस्थामा राखे। | पूर्वानुमान को जानकारी पश्चात | गाउँपालिकास्तरमा | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, नेपाल रेडक्रस सोसाइटी र विषयक्षेत्र |

### ३.२.५ संरक्षण तथा सूरक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने संरक्षण र सूरक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | संरक्षण तथा सूरक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमान को | गाउँपालिका स्तरमा | सूचना प्राप्त भएपछि १ पटक र | महिला तथा बालबालिका उपशाखा, |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | | जानकारी पश्चात | | आवश्यकता अनुसार | विषयक्षेत्र |
| २ | विपद्जन्य घटनाबाट प्रभावितलाई परामर्श सेवा दिन परामर्श टोली तयारी अवस्थामा राख्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँपालिव गा.पा.स्तर, वडास्तर | सम्भावित प्रकोपको समय अनुसार | स्वास्थ्या शाखा, शिक्षा शाखा, विषयक्षेत्र |
| ३ | विपद् प्रभावित क्षेत्र वा शिविर सञ्चालन भएको स्थानमा आवश्यक पर्नेडिग्निटी किट लगायतका सरसामानहरूको निरिक्षण गरी तैयारी अवस्थामा राख्ने। | पूर्वानुमान को जानकारी पश्चात | गाउँस्तरमा | सम्भावित प्रकोपको समय अनुसार | महिला तथा बालबालिका उपशाखा, विषयक्षेत्र |

### ३.२.६ आपत्कालीन शिक्षा क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने आपकालिन शिक्षा क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहायअनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | आपत्कालीन शिक्षा विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँस्तरमा | सूचना प्राप्त भएपछि १ पटक र आवश्यकता अनुसार | शिक्षा शाखा र विषयक्षेत्र |
| २ | प्रभावित हुन सक्ने विद्यालयलाई शिक्षण सामग्रीहरू सुरक्षित ठाउँमा राख्न अनुरोध गर्ने। | समन्वयात्मक बैठक पश्चात | विद्यालयस्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा |
| ३ | विपद्को समयमा अपनाउनुपर्ने सावधानी र | तत्काल | विद्यालयस्तरमा | सम्भावित प्रकोपको | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | सूरक्षाका उपाय तथा अनुशासनका बारेमा विद्यार्थीलाई सचेत गर्ने। | | | सिजन अनुसार | |
| ४ | विपद्को समयमा पठनपाठन निरन्तर गर्न आवश्यक तयारी गर्ने। | तत्काल | गाउँस्तरमा | सम्भावित प्रकोप अनुसार | शिक्षा शाखा तथा सम्बन्धित विद्यालय, विषयक्षेत्र |

### ३.२.७ शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानुमानमा आधारित पूर्वतयारी योजना

प्रकोपको पूर्वानुमान प्राप्त भएपछि गर्नुपर्ने शीघ्र पुनर्लाभ क्षेत्रको पूर्वानूमानमा आधारित पूर्वतयारी योजना सम्बन्धी कार्यहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| १ | शिघ्र पुनर्लाभ विषयक्षेत्रको समन्वय बैठक बस्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सूचना प्राप्त भएपछि एक पटक र आवश्यकता अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, पूर्वाधार विकास शाखा, विषयक्षेत्र |
| २ | अत्यावश्यक सेवा सुचारू गर्नका लागि आवश्यक जनशक्ति, भण्डारण गरिएका सामग्री तथा उपकरणहरू निरिक्षण गरी र तयारी अवस्थामा राख्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | पूर्वाधार विकास शाखा, सामाजिक विकास शाखा, विषयक्षेत्र |
| ३ | सर्वेक्षण टोलीमा समावेश हुने व्यक्तिलाई तयारी अवस्थामा रहन अनुरोध गर्ने। | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | वातावरण तथा विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |
| | सर्वेक्षण टोली व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन | पूर्वानुमानको जानकारी पश्चात | गाउँपालिकास्तर | सम्भावित प्रकोपको समय अनुसार | विपद् व्यवस्थापन शाखा, विषयक्षेत्र |

| क्र.सं. | पूर्वानुमानमा आधारित पूर्वतयारीका कार्यहरू | समय | स्थान | परिमाण | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|---|---|
| | समिति संग समानव्य गर्ने | | | | |

## ३.३ आपत्कालीन प्रतिकार्य (कार्यविधि) योजना

यस अन्तर्गत खोज, उद्धार र स्थानान्तरण तथा विपद् पश्चात् परिस्थिति सामान्य नहुन्जेल सम्म गर्नुपर्ने प्रतिकार्य र शिघ्र पुर्नलाभका कार्यहरू पर्दछन्। यसमा विपद्को समय र विपद् पश्चात् तुरुन्तै चाल्नुपर्ने खोज, उद्धार, उपचार एवम् जोखिम क्षेत्रबाट प्रभावितहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण र राहत वितरणका क्रियाकलापहरू समावेश गरिएका छन्। विपद् प्रतिकार्यका लागि गठित विषयक्षेत्रहरू परिचालन गर्न तपशिल बमोजिमका क्रियाकलापहरू तर्जुमा गरिएको छः

### ३.३.१ समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको प्रतिकार्य योजना

विपद् प्रतिकार्य गर्न समग्र व्यवस्थापन, सूचना, खोज तथा उद्धार क्षेत्रको आपत्कालीन प्रतिकार्य सम्बन्धी योजनाहरु देहाय अनुसार तर्जुमा गरिएको छः

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| १ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा विपद् तत्काल जिल्ला आपत्कालिन कार्य संचालन केन्द्र प्रदेश आपत्कालनि कार्य संचालन केन्द्रमा सूचना पठाउने । | तत्काल | स्थानीय आपत्कालिन कार्य संचालन केन्द्र , स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| २ | विपद्जन्य घटना घटेमा वा घट्ने यकिन भएमा विपद् व्यवस्थापन समितिको बैठक बस्ने।बैठकका निर्णयहरु जिल्ला स्तरिय विपद् व्यवस्थापन समिति पठाउने | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, सम्पूर्ण विषयक्षेत्र |
| ३ | विपद्ले प्रभाव पारेको तथा जोखिममा रहेका व्यक्ति तथा समुदाय र महत्वपूर्ण सम्पत्ति सुरक्षित स्थानमा स्थानान्तरण गर्न सूरक्षा निकाय र खोज तथा उद्धार टोली/कार्यदल परिचालन गर्ने। | तत्काल | स्थानीय विपद् व्यवस्थापन समिति, वडास्तरीय तथा समुदाय स्तरिय विपद् व्यवस्थापन समिति |
| ४ | विपद्मा परी घाईते भएकालाई उद्धार गर्ने र हराई रहेका व्यक्तिहरूको तथ्याङ्क तयार गरी खोजी गर्ने। | तत्काल | सूरक्षा निकाय, खोज तथा उद्धार टोली र स्वयंसेवक |

| क्र.सं. | प्रतिकार्य सम्बन्धी क्रियाकलापहरू | समय | मुख्य जिम्मेवार निकाय/संस्था |
|---|---|---|---|
| ५ | तत्कालै घटनाको अवलोकन, निरिक्षण गर्ने र प्रारम्भिक द्रुत लेखाजोखाको प्रतिवेदन तयार गरी स्थानीय विपद् व्यवस्थापन समिति समक्ष पेश गर्ने। | विपद् पश्चात २४ घण्टा भित्र | सर्वेक्षण टोली |
| ६ | विपद्बाट मृत्यु भएमा सोको तथ्याङ्क र लगत तयार गरी सनाखत गर्ने व्यवस्था मिलाउने र शव हस्तान्तरण/व्यवस्थापन गर्ने। | विपद्को समयमा | सूरक्षा निकाय, उद्धार टोली, नेपाल रेडक्रस सोसाईटी, स्वयम् सेवक |
| ७ | पीडित समुदायलाई थप जोखिमबाट बचाउन र सहयोग पुर्‍याउन अन्य विषयक्षेत्र र सरोकारवाला निकायसँग समन्वय गर्ने। | विपद् पश्चात | स्थानीय विपद् व्यवस्थापन समिति, विषयक्षेत्र |
| ८ | घरधुरी सर्वेक्षण गरी क्षति, प्रभावित अवस्था र तत्काल गर्नुपर्ने कार्यहरू समेटी सुझाव सहितको विषयक्षेत्र केन्द्रित प्रतिवेदनस्थानीय विपद् व्यवस्थापन समितिमा प्रस्तुत गर्ने। | विपद् पश्चात १० दिन भित्र | सर्वेक्षण टोली, सम्बन्धित शाखा, नेपाल रेडक्रस सोसाईटी, वडास्तरीय समिति, विषयक्षेत्र |
